

# ९ गुमाउनुपर्ने समय तथा अवसरहरु

***यस अध्यायका मूल पदहरू:*** मर्कूस ५:२२-२४, ३५-३४, १ पत्रुस ५:६,७, उत्पत्ति ३७:१७-२८, लूका १६:१३, रोमी ६:१६ र १ कोरन्थी १५:२६।

***यस अध्यायको मूल सार पद:*** **"८ साँच्चै भन्ने हो भने ख्रीष्ट येशू मेरा प्रभुलाई चिन्ने अमूल्य आत्मज्ञान प्राप्तिको निम्ति सबै कुरा गुमाउन उचित ठान्दछु। ख्रीष्टलाई प्राप्त गर्न सकूँ भनेर उहाँको निम्ति मैले सबै कुराको नोक्सानी व्यहोरेको छु, र ती सबैलाई फोहोर-मैला तुल्य म गन्दछु। ९ र सम्पूर्ण रूपले म उहाँमा भइरहेको छु भन्ने आभास् पाउन चाहना गर्दछु। व्यवस्थामाथि वा मेरा धर्मकर्ममा आधारित भएको मेरो आफ्नै धार्मिकता होइन, तर मेरो धार्मिकता यही हो, जो ख्रीष्टमाथि निर्भर हुन्छ, जुनचाहिँ विश्वासद्वारा परमेश्वरबाट आउने धार्मिकता हो।" फिलिप्पी ३:८-९।**

जब आदम र हव्वाले मनाही गरेको असल र खराबको ज्ञान दिने रूखको फल खाए तब तिनीहरूले प्रथम् पटक अत्यन्त महत्त्वपूर्ण थोक गुमाएको महसुस गरे। तिनीहरूले अबोध तथा निर्दोष भइरहनुपर्ने स्वभाव गुमाएको अनुभव तिनीहरूले गरे। जसरी भर्खर जन्मेको बालक निर्दोष र निष्कपट हुन्छ, आदम र हव्वाले फल खाएपछि त्यो निर्दोषी तथा निष्कपट स्वभावको ठाउँमा स्वार्थपना, झगडा, मनमुटाव, एकले अर्कोलाई दोष दिने बानी, आफू नै ठूलो हुँ भन्ने मनोभावले ग्रष्त भएर एकले अर्कोलाई अधीनमा राख्ने स्वभावको सुरु भयो।

तिनीहरूको पतन भए लगत्तै तिनीहरू पहिलोपल्ट कसैको मृत्यु हेर्न वाध्य भएका थिए। पशुलाई मारेर त्यसको छाला काढेर तिनीहरूको नग्नतालाई ढाकिएको थियो। यदि तिनीहरूले अजम्मरी जीवनको रूखको फल खाएर अनन्तसम्म त्यस्तै दोषी चरित्रभएर बाँच्नुनपरोस् भनेर त्यस रूखको फल खान बन्देज लगाइएको थियो। त्यतिमात्र नभएर तिनीहरूको रमणीय, सिद्ध

बगैचाको घर पनि तिनीहरूले गुमाउन पुगेका थिए र धेरै वर्षपछि आफ्नै जेठो छोरो कैयनबाट आफ्नो कान्छो छोरो हावेलको हत्याभएको तिनीहरूले हेर्नुपरेको थियो। अन्तमा तिनीहरूले आफ्नै जोडी गुमाउनुपरेको थियो अर्थात् बाँचिरहेको जीवनसँगी पनि गुमाउन पुग्यो। एउटा गलत निर्णयले गर्दा आदम र हव्वाले र अहिलेसम्मका सम्पूर्ण मानव जातिले धेरै थोकहरू गुमाउन वाध्य भइरहेको छ।

हो, गुमाउनुपर्दाको वास्तविकता र पीडा हामी सबैले अनुभव गरेका छौं र गरिरहेकाछौं। जब हामीहरूको परिवारले केही कुरा गुमाउनुपर्दा वा केही नोक्सानी भोग्नुपर्दा हाम्रो हृदयमा बज्रले हाने जस्तो गहिरो चोट खप्न वाध्य हुन्छौं। जब हामीहरूको आफ्नै परिवारमा जहाँ एकआपस नजिक भएर बस्दछौं तब एक अर्थात् विभिन्न प्रकारले केही गुमाउँछौं वा हानी खप्न वाध्य हुन्छौं तब त्यसबेला सबभन्दा ठूलो चोट हामीलाई पर्दछ।

यस अध्यायमा पनि परिवारको जीवनको बारेमा हेर्दैजानेछौं। तर यस अध्यायमा विशेष गरेर हामीले सहनुपरेको विभिन्न खालको नोक्सानहरू वा गुमाउनुपरेका कुराहरूको बारेमा हेर्नेछौं।

## १. जब स्वास्थ्य गुमाइन्छ

जीवनको रूखबाट हामी हजारौं वर्ष पछि छौं। त्यो रूखको फल खान नपाउँदा हामीलाई के भइरहेको छ सो अहिले पनि हामी अनुभव गरिरहेकाछौं। विशेष गरेर स्वास्थ्यको मामिलामा हामीलाई ठूलो चोट परिरहेको छ। हामी अचानक वा अपर्झट मरेनौं भने जतिसुकै हामीले शरीरलाई हिफाजत गरेतापनि कुनै न कुनै समयमा कुनै न कुनै रोगको शिकार हुनेछौं। त्यसको फलस्वरुप अन्तमा गएर मर्दछौं पनि।

बिमार हुँदा त्योसँग सामना गर्नुपर्दा हामीलाई पीडादायी त हुन्छ तर हाम्रा नजिकको प्रियजनलाई गम्भीर रोगले च्याप्दा हामीहरूको हृदयमा छुरा हाने जस्तै अनुभव हुन्छ। छोराछोरीलाई निको नहुने रोगले सताएपछि तिनीहरूको मृत्यु हुँदा त्यो रोग आफूलाई लागेर मर्नपाएपनि हुन्थ्यो भनि कतिपय आमाबाबु चाहना गर्दछन्। तर दुर्भाग्यवस, आमाबाबुले त्यो रोज्न सक्दैनन्।

**देहायका जीवन कहानीका सबै पात्रहरूले साझा समस्या भोगेको उल्लेख गरिएको छ? त्यो समस्या केहो त? हेर्नुहोस्ः मर्कूस ५ः२२-२४ "२१ जब येशू फेरि डुङ्गामा समुद्रको पारिपट्टि जानुभयो, तब एउटा ठूलो भीड उहाँको वरिपरि भेला भयो। उहाँचाहिँ समुद्रको किनारमा हुनुहुन्थ्यो। २२ सभाघरका**

शासकहरूमध्ये याइरस नाउँका एक जना उहाँकहाँ आए, र उहाँलाई देखेर उहाँका पाउमा घोप्टो परे, २३ र यसो भनेर बिन्ती गरे, 'मेरी सानी छोरी मर्न लागेकी छे, आएर त्यसमाथि तपाईंका हात राखिदिनुहोस्, र त्यो निको होस् र बाँचोस्।' २४ तब येशू तिनीसँग जानुभयो। एउटा ठूलो भीड उहाँको पछि लाग्यो, र मानिसहरू उहाँको वरिपरि ठेलमठेला गर्न लागे।", मर्कूस ५:३५-४३ "३५ उहाँ बोल्दैहुनुहुँदा, शासकको घरबाट मानिसहरू आएर भने, 'तपाईंकी छोरी त मरी। गुरुज्यूलाई अब अरू कष्ट किन दिनुहुन्छ?

३६ तर तिनीहरूले गरेका कुराहरूलाई ध्यान नदिई येशूले सभाघरका शासकलाई भन्नुभयो, 'नडराऊ, विश्वास मात्र गर।' ३७ अनि उहाँले पत्रुस, याकूब र याकूबका भाइ यूहन्नालाई बाहेक अरू कसैलाई पनि आफ्नो साथ आउन अनुमति दिनुभएन। ३८ उहाँहरू सभाघरका शासकको घरमा आउनुभयो, अनि उहाँले खैलाबैला गर्नेहरू, रुनेहरू र ठूलो सोरले बिलौना गर्नेहरूलाई देख्नुभयो। ३९ भित्र पसेर उहाँले तिनीहरूलाई भन्नुभयो, 'तिमीहरू किन खैलाबैला गर्छौ र रुन्छौ? ठिटी मरेकी छैन, तर सुतिरहेकी छे।' ४० तर तिनीहरू उहाँको कुरामाथि हाँसे। तब उहाँले तिनीहरू सबैलाई बाहिर निकाल्नुभयो, र ठिटीका बुबा र आमा र उहाँसँग हुनेहरूलाई साथमा लिएर ठिटी भएको ठाउँभित्र जानुभयो। ४१ अनि ठिटीको हात समातेर उहाँले त्यसलाई भन्नुभयो, 'तालिता कूमी, ' जसको अर्थ हो, 'ए बालिका, म तिमीलाई भन्दछु, उठ।' ४२ अनि ठिटी तुरुन्तै उठी, र हिँड्डुल गर्न लागी। त्यो बाह्र वर्षकी थिई। अनि त्यति नै बेला तिनीहरू आश्‍चर्यचकित भए। ४३ उहाँले तिनीहरूलाई यो कसैले थाहा नपाओस् भन्ने कड़ा आज्ञा दिनुभयो। अनि बालिकालाई चाहिँ केही खान दिनू भनी तिनीहरूलाई भन्नुभयो।", मत्ती १५:२२-२८ "२१ तब येशू त्यहाँबाट निस्कनुभयो, र टुरोस र सीदोनका इलाकातिर जानुभयो। २२ त्यस इलाकाबाट एउटी कनानी स्त्री आएर कराउँदै भन्न लागी, 'हे प्रभु, दाऊदका पुत्र, ममाथि दया गर्नुहोस्। मेरी छोरीलाई भूतले साह्रै सताएको छ।' २३ येशूले त्यसलाई केही जवाफ दिनुभएन। उहाँका चेलाहरूले आएर उहाँलाई बिन्ती गरे, 'यसलाई बिदा गर्नुहोस्, किनभने त्यो कराउँदै हाम्रो पछि लागिरहिछे।' २४ उहाँले भन्नुभयो, 'म इस्राएल जातिका हराएका भेड़ाहरूका निम्ति मात्र पठाइएको हुँ।' २५ तर त्यो स्त्री आएर उहाँको अघि घोप्टो परी र भनी, 'हे प्रभु, मलाई सहायता गर्नुहोस्।' २६ उहाँले भन्नुभयो, 'बालकहरूको रोटी लिएर कुकुरहरूलाई फालिदिनु ठीक हुँदैन।' २७ त्यसले भनी, 'हो प्रभु, तर कुकुरहरूले पनि त आफ्ना मालिकको टेबिलबाट झरेका टुक्राटाक्री खान्छन्।'

२८ तब येशूले त्यसलाई जवाफ दिनुभयो, 'ए नारी, तिम्रो विश्वास ठूलो रहेछ। तिमीले इच्छा गरेबमोजिम तिमीलाई होस्।' त्यसकी छोरी त्यही घड़ी निको भइहाली।", लूका ४:३८,३९ "३८ सभाघरबाट निस्केर उहाँ सिमोनको घरमा पस्नुभयो। सिमोनकी सासू कड़ा जरोले थलिएकी थिइन्, र तिनीहरूले तिनको निम्ति उहाँसँग बिन्ती गरे। ३९ तिनको नजिकै उभिएर उहाँले जरोलाई हकार्नुभयो, र जरोले तिनलाई छोडिहाल्यो, र तुरुन्तै उठेर तिनले उहाँहरूको सेवा गरिन्।" र यूहन्ना ४:४६-५४ "४६ त्यसपछि उहाँ फेरि गालीलको काना नगरमा आउनुभयो, जहाँ उहाँले पानीलाई दाखमद्य बनाउनुभएको थियो। कफर्नहुममा एक जना उच्च अधिकारी थिए, जसको छोरो बिरामी थियो। ४७ येशू यहूदियाबाट गालीलमा आउनुभएको छ भन्ने सुनेर तिनी उहाँकहाँ गए, अनि तिनको छोरालाई आएर निको पारिदिन भनी उहाँलाई बिन्ती गरे, किनकि तिनको छोरो मर्नै आँटेको थियो। ४८ येशूले तिनलाई भन्नुभयो, 'तिमीहरू चिन्ह र अचम्मका कामहरू नदेखेसम्म कुनै रीतिले विश्वास गर्दैनौ।' ४९ ती उच्च अधिकारीले उहाँलाई भने, 'हजूर, मेरो छोरो मर्नुभन्दा अघि नै आइदिनुहोस्।' ५० येशूले तिनलाई भन्नुभयो, 'जाऊ, तिम्रो छोरो बाँच्नेछ।' येशूले तिनलाई भन्नुभएको वचन ती मानिसले विश्वास गरे, र आफ्नो बाटो लागे।

५१ अनि तिनी जाँदैगर्दा बाटैमा तिनका चाकरहरूले तिनलाई भेटेर तिनको छोरा बाँच्यो भनी तिनलाई बताए। ५२ कुन घड़ीदेखि त्यसलाई सन्चो हुन लाग्यो भनी तिनले तिनीहरूलाई सोध्दा तिनीहरूले भने, 'हिजो दिउँसो एक बजेदेखि जरोले तिनलाई छोड्यो।' ५३ येशूले तिनलाई 'तिम्रो छोरो बाँच्नेछ' भन्नुभएको घड़ीदेखि नै हो रहेछ भनी बाबुले थाहा पाए। अनि तिनी आफैले र तिनका सारा परिवारले विश्वास गरे।५४ यहूदियाबाट गालीलमा आएर येशूले गर्नुभएको यो दोस्रो चिन्ह थियो।"

माथिका सत्य घट्नाहरू केवल त्यतिमात्र नभएर धेरै छन्। ती घट्नाहरूमा कोही मरेका पात्र थिए भने कोही रोगले ग्रस्त भएका। यहाँ उल्लेख गरिएको प्रत्येक घट्नाको मामिलामा परिवारको कोही सदस्यलाई चर्को रोगले समात्दा वा मरि हालेमा त्यस परिवारको सदस्यले येशूकहाँ आएर सहायता माग्दै बिन्तिभाऊ गरेका थिए।

हामी पतित संसारमा रहेको कारणले हामी अस्वस्थ भएर दुःख पाउँछौं भन्ने कुरो सबैलाई थाहा छ। जब यस संसारमा पापको प्रवेश भयो तब त्यसले मृत्युमात्र ल्याएन त्यसको साथमा निको नहुने शारीरिक रोग, बिमार र अनेक किसिमका रोगहरू पनि भित्रिए। कतिपय समयमा निको नहुने घातक

रोग वा अचानक कुनै न कुनै कष्ट दिइरहने रोगले हाम्रो जीवनमा ठूलो धक्का भएको महसुस गर्छौं, बिचलित भएर परमेश्वरप्रति क्रोधित भएर यसरी चिच्याउन पनि सक्छौं, "मेरा प्रभु, मेरा परमेश्वर तपाईंले मलाई किन त्यागनुभयो? तपाईं किन मदेखि त्यति टाढा हुनुभएको? के मेरा पीडाहरूलाई तपाईं सुन्नुहुन्न र त्यसबाट मलाई उद्धार गर्नुहुन्न?" (भजन २२:१ रूपान्तरित)। राजा दाउदले धेरै कष्ट पीडाहरू भोग्नु परेको थियो। तर कुनै धर्मकर्म गरेर वा कुनै जान्नेहरूकहाँ गएर आफ्नो दुःख, पीडा पोखाएनन्। आफूभित्र गुम्सिरहेका प्रश्नहरू, रिस, गुनासो र कष्ट उनले परमेश्वरमाथि नै पोखाए। हामीले पनि दाउदको अनुसरण गर्नु जरुरी छ।

जबसम्म येशूको आगमनले मृत्युलाई सदाको निम्ति पछार्दैन तब सम्म हामीमा हुने रोग, बिमार, कष्ट आदि सबै रहस्यमय भइरहनेछ। तर त्यसै बखत हामी बिचलित नभएर वा नैराश्यको भूमरिमा नहराइएर परमेश्वरको वचनमा लेखिएका महान् आत्मिक सत्यहरूबाट हामी बल पाउन सक्छौं। अय्यूब आफै जब महामारीको शिकार भएर भन्नै नसक्ने पीडामा परिरहेका थिए तब त्यसबेला पनि उनले आफ्नो गहिरो सम्बन्ध परमेश्वरमा भइरहेको अनुभव गरेका थिए। उनी व्यक्त गर्छन्, "अरूबाट मैले तपाईंको बारेमा सुनेको थिएँ। अब मैले मेरै आँखाले देखेको छु" (अय्यूब ४२:५ रूपान्तरित)। पावलमा पनि कुनै किसिमको निको नहुने रोग थियो। उनलाई त्यो रोगले सताउँदा आफ्नो कष्ट परमेश्वरमा नै सुम्पेका थिए। उनी निको नभएतापनि उनको अनुभवले अरूलाई सहानुभूति र सान्त्वना दिन उनी समर्थ भएका थिए। जब हामी पनि रोगले सताइन्छौं तब रोगसँग संघर्ष गरिरहेको मानिससँग हामी सम्पर्कमा आउँछौं तब उसप्रति हामी संवेदनसील हुनसक्छौं, उसलाई करुणा देखाउन सक्छौं र अझ प्रभावकारी रूपमा सेवा गर्न समर्थ हुन सक्छौं- (२ कोरन्थी १:३-५)। तर एउटा शर्तमा यदि हामी आफै रोगआदिले सताइएका हताशनिरासमा नपस्री मर्नपाएपनि हुन्थ्यो भनेर अन्धकारको भूमरीमा हराएनौं भनेमात्र अरूलाई दया, करुणा र सहानुभूति देखाउन समर्थ हुन्छौं।

**हामी वा हाम्रा परिवारका कुनै सदस्यलाई लामो समयसम्म रोगले सताउँदा परमेश्वरको वचनमा के प्रतिज्ञाहरू छन् जसबाट हामी सान्त्वना पाउन सक्छौं? यस्तै समयमा येशू हाम्रो प्रभुलेपनि क्रुसमा कष्ट पाउनुभएको वास्तविकताको अर्थ हामीलाई किन महत्त्वपूर्ण हुन आउँछ? रोग आदिले हामी पीडामा पर्दा पनि परमेश्वरको प्रेम अटुट छ भनेर महसुस गर्न क्रुसमा टाँगिनु भएको येशूले हामीलाई के सिकाउनु हुन्छ?**

## २. विश्वासघातको सामना गर्नुपर्दा

हामी सबै पापी छौं। हामी कुनै न कुनै समयमा बिग्रेका हुन्छौं। कतिपय समयमा हामीमाथि विश्वास गर्नेलाई हामी विश्वास गर्न लायकको छैनौं भनेर देखाउँछौं पनि। फेरि हामीमध्ये को हौला कि हामीले अत्यन्तै विश्वास गर्ने मानिसबाटै हामी विश्वासघातको शिकार नभएको? अरूले हामीलाई विश्वासघात गर्दा हामीलाई असह्य त हुन्छनै तर जब हामीहरूका परिवारका सदस्यले नै हामीमाथि विश्वासघात वा गद्दारी गर्छन् वा हामीले नै गऱ्यौ भने झन कति पीडादायी हुन्छ?

विश्वासघातको वातावरणमा हामी पर्दा वा हामी नै फस्दा कहिलेकाहीं यस्तै हो भनेर कुनै मिल्ने प्रयास नगरिकन सम्बन्धलाई टुटाउन सजिलो हुन्छ। जेभयो भयो अब विश्वासघात गर्नेसँग मिल्ने प्रयास गर्नुपनि आवश्यकता नभएको हामी ठान्दछौं। तर परिवारमै त्यस्तो भए त्यो निर्णय लिन अपनाउन त्यति सजिलो हुँदैन। विशेष गरेर दम्पतीको बीचमा विश्वासघात भयो भने घरमा भाँडभैलोमात्र होइन गृहयुद्धनै चल्दछ। तर कतिपय समयमा श्रीमान र श्रीमतीको बीचमा विश्वासको कारणले खटपट भएमा त्यसमा समझदारी अपनाइयो भने बिग्रेको सम्बन्ध फेरि जोड्न सकिन्छ। परिवारलाई बिग्रेको सम्बन्ध जोड्ने लक्ष्य बोकेको प्रयोगशाला हो भनेर पनि हामी ठान्नसक्छौं।

**जब एक आपसको सम्बन्धमा विश्वासको समझदारी भयो भने वा विश्वासको वातावरण बन्यो भने बेलाबेलामा कचकच भएतापनि बिग्रिएको विश्वास र सम्बन्ध फेरि कसरी मिल्न सक्दछ? हेर्नुहोस्, १ पत्रुस ५:६,७ "६ यसकारण परमेश्वरको शक्तिशाली बाहुलीमुनि तिमीहरू आफैलाई विनम्र तुल्याओ, र उहाँले उचित समयमा तिमीहरूलाई उच्च पार्नुहुनेछ। ७ तिमीहरूका सारा फिक्री उहाँलाई सुम्पिदेओ, किनकि उहाँले तिमीहरूको वास्ता गर्नुहुन्छ।", १ यूहन्ना ४:१३-१८ "१३ उहाँले हामीलाई आफ्ना आत्माबाट दिनुभएको छ, र यसैकारणले हामी यो जान्दछौं कि हामी उहाँमा रहन्छौं र उहाँ हामीमा रहनुहुन्छ। १४ हामीले देखेका छौं, र गवाही दिन्छौं, कि पिताले आफ्ना पुत्रलाई संसारका मुक्तिदाता हुन पठाउनुभएको छ। १५ जसले येशूलाई परमेश्वरका पुत्र हुनुहुन्छ भनी स्वीकार गर्छ, त्यसमा परमेश्वर वास गर्नुहुन्छ, र त्योचाहिँ परमेश्वरमा। १६ यसरी हामीप्रति भएको परमेश्वरको प्रेम हामी जान्दछौं र विश्वास गर्छौं। परमेश्वर प्रेम हुनुहुन्छ, र जो प्रेममा रहन्छ त्यो परमेश्वरमा रहन्छ, र परमेश्वर त्यसमा रहनुहुन्छ। १७ न्यायको दिनको निम्ति हामी पूर्ण भरोसासाथ बस्न सकौं भनेर प्रेम यसैमा हामीमा सिद्ध हुन्छ। किनकि उहाँ जस्तो हुनुहुन्छ हामी पनि यस संसारमा त्यस्तै छौं।** ***१८ प्रेममा***

*डर हुँदैन, तर सिद्ध प्रेमले डरलाई हटाउँछ। किनकि डरको सम्बन्ध त दण्डसँग हुन्छ, अनि जो डराउँछ प्रेममा त्यो सिद्ध भएको हुँदैन*।", याकूब ५:१२-१६ "१२ मेरा भाइ हो, सबै कुराभन्दा पहिले स्वर्गको वा पृथ्वीको अथवा अरू कुनै कुराको शपथ नखाओ, तर दोषी नठहरिनलाई तिमीहरूको 'हो' चाहिँ 'हो' र 'होइन' चाहिँ 'होइन' होस्। १३ के तिमीहरूमा कसैले कष्ट भोगिरहेछ? त्यसले प्रार्थना गरोस्। के कोही आनन्दित छ? त्यसले प्रशंसाको भजन गाओस्। १४ के तिमीहरूमध्ये कोही बिरामी छ? त्यसले मण्डलीका एल्डरहरूलाई बोलाओस्। तिनीहरूले प्रभुको नाउँमा त्यसलाई तेलले अभिषेक गरेर त्यसको निम्ति प्रार्थना गरून्, १५ र विश्वासको प्रार्थनाले बिरामीलाई बचाउनेछ, र प्रभुले त्यसलाई निको पार्नुहुनेछ, र यदि त्यसले पाप गरेको छ भने त्यसलाई क्षमा हुनेछ। १६ *यसकारण तिमीहरू एउटाले अर्कासँग आफ्ना-आफ्ना पाप स्वीकार गर। तिमीहरू निको हुनलाई एउटाले अर्काको निम्ति प्रार्थना गर। धार्मिक मानिसको प्रार्थना शक्तिशाली र प्रभावशाली हुन्छ।"* र मत्ती ६:१४,१५ "१४ किनकि तिमीहरूले मानिसहरूका अपराध क्षमा गर्‍यौ भने तिमीहरूका स्वर्गमा हुनुहुने पिताले पनि तिमीहरूलाई क्षमा गर्नुहुनेछ। १५ तर तिमीहरूले मानिसहरूका अपराध क्षमा गरेनौ भने तिमीहरूका पिताले तिमीहरूका अपराध क्षमा गर्नुहुनेछैन।"

बिग्रिएको विश्वास फेरि सुधार्न खोज्नुभनेको यात्रा गर्नुजस्तै हो। जब हामी घरबाट बाहिर कुनै स्थानमा जान निस्कन्छौं हामी एकैचोटी पुग्दैनौं तर पाइला पाइला अघि सरेर मात्र गन्तब्य पुग्दछौं। त्यस्तै नै टुटेको सम्बन्ध टालटुल गरेर अघि बढ्ने हो। जब हामी एक आपसमा भूल स्वीकार गर्दछौं, एक आपसमा चित्त फाटेको छ भनेर हृदयदेखि नै दुःख मान्छौं र मिल्ने प्रयास गर्छौं त्यो टुटेको सम्बन्ध मिलाउने यात्राको सुरू हो।

श्रीमान र श्रीमतीको बीचमा परपुरुष र परस्त्रीगमनको कारणले विश्वासघातको वातावरण हुनपुग्यो भने जब विश्वाघात गर्नेले आफ्नो गल्ती स्वीकार गर्दछ तब त्यहाँ बिग्रिएको सम्बन्ध फेरि जोडिन सक्दछ। जब परपुरुष वा परस्त्रीमनको कारणले श्रीमान र श्रीमतीको बीचमा सम्बन्ध फेरि जोडिन खोज्यो भने धोखा दिनेले धोखा पाउनेलाई आफ्नो गलत हृदयदेखि स्वीकार गरेर टुटेको सम्बन्धले गर्दा परेको चोट निको पार्ने प्रक्रिया अघि बढाउनुपर्दछ। ती दुईको बीचमा एक आपसलाई धक्का पार्ने खालका कुनै पनि कुरालाई लुकाउनुहुँदैन नत्र भने फेरि विश्वासमा खलबल आउन सक्दछ। दोस्रो पल्ट धोखा पाइयो भने त्यसलाई निको हुन झन सान्हो हुन जान्छ।

कुनै पनि बिग्रिएको सम्बन्ध फेरि स्थापना गरेर विश्वास दिलाउन समय र धैर्यताको आवश्यकता हुन्छ। जति धेरै चित्तदुखाइ हुन्छ वा अर्कोको भावनामा आघात पुग्छ त्यसलाई मिलाउन झन धेरै समय लाग्दछ। कहिलेकाहीं सम्बन्ध जोड्न चाहनेले दुई कदम अघि बढेर मिल्न चाहेको देखाउँछ भने अर्कोको भावनाले गर्दा आफू तिन कदम पछाडि चिप्लिएको अनुभव गर्नु परेको हुन्छ। अब सम्बन्ध जोडिँदैन भनेर एक दिन दिक्क लाग्न सक्छ भने अर्को दिन त्यस व्यक्तिबाट भाग्न मन लागेको हुन्छ। तर धेरैले श्रीमान र श्रीमतीको बीचमा भएको बिग्रिएको सम्बन्ध फेरि जोडिएको र अझ दुईको बीचमा झन गाढा सम्बन्ध जोडिन पुगेको अनुभवहरू पाइएका छन्। त्यसले गर्दा तिनीहरूको वैवाहिक जीवन फेरि आनन्द र खुशीले भरिएको हुन्छ।

**वैवाहिक जीवनमा श्रीमान र श्रीमतीको बीचमा बिग्रिएको विश्वासको कारणले खटपट हुँदा विभिन्न नीतिहरू अपनाएर जोडिन्छ भने त्यही नीतिहरू अपनाएर अर्को खालका बिग्रिएका सम्बन्धहरूलाई कसरी जोड्ने? फेरि त्यसै बखत क्षमा दिइएतापनि त्यस्तो वातावरण कायम हुन्छ जहाँ एक आपसमा विश्वास फेरि गरिँदैन न त गर्नुनै पर्ने हुन्छ। त्यस्तो वातावरण कस्तो होला?**

## ३. गुमाइएको विश्वास, क्रमस आर्जन गर्नु

जब घरेलु हिंसा हुन्छ तब त्यहाँ पनि विश्वासको वातावरणमा धक्का पुग्न सक्छ। सामाजिक संरचनामा घर जस्तो अत्यन्त हिंसात्मक थलो अरू कहीं नभएको खोजअनुसुन्धाले पत्ता लगाएको छ। माया, प्रेम, स्नेहको राजधानी घर हुनुपर्नेमा घर नारकीय थलो हुनु अशोभनीय र असोचनीय विषय हो। घरेलु हिंसाले कुनै जात, राष्ट्र, रंग र धर्म चाहे त्यो इसाई घर नै किन नहोस् सबै खालका परिवारहरूमा अड्डा जमाएको हुन्छ। घरेलु हिंसा भनेको केवल पिटपाटमात्र नभएर अरू विभिन्न प्रकारको हुनसक्दछ। जस्तै गालीगलौंज गरेर, एक आपसलाई शारीरिक दुःख दिएर, भावनात्मक चोट पुऱ्याएर, जबरजस्ती यौन सम्पर्क गरेर वा वेवास्ता गरेर। परिवारमा हुने यी घरेलु युद्धहरू नभोग्ने बिरलै होलान्।

**परमेश्वरका जनहरू त भन्ने तर परमेश्वर तिनीहरूको हृदयमा नहुने परिवार वा परिवारका सहदस्यहरूमापनि घरेलु हिंसाले अड्डा जमाएका विवरणहरूलाई बाइबलले लुकाउँदैन। देहायका पदहरू पढ्दा तपाईंका सोच र भावनाहरू कस्तो भइरहेको अनुभव गर्नुभएको छ? ती कथाहरू बाइबलमा किन सुरक्षित राखिएको होला? सोच्नुहोस्।**

उत्पत्ति ३७:१२-३६ "१२ एक पल्ट तिनका दाजुहरू आफ्ना बाबुका बगालहरू शकेममा चराउन गएका थिए। १३ र इस्राएलले (याकूब) योसेफलाई भने, 'तिम्रा दाजुहरू शकेममा भेड़ाहरू चराइरहेका छन्। आऊ, म तिमीलाई उनीहरूकहाँ पठाउँछु।' योसेफले भने, 'हस, म जान्छु।' १४ इस्राएलले तिनलाई भने, 'गएर हेर, तिम्रा दाजुहरू र भेड़ाबाख्राहरू राम्रै छन् कि छैनन्। अनि मकहाँ समाचार ल्याऊ।' तब इस्राएलले तिनलाई हेब्रोनको बेंसीबाट शकेममा पठाए। योसेफ त्यहाँ आइपुगेपछि १५ एक जना मानिसले तिनलाई खेतमा डुलिरहेका भेट्टायो। त्यस मानिसले तिनलाई सोध्यो, 'तिमी कसलाई खोज्दैछौ? १६ तिनले भने, 'म मेरा दाजुहरूलाई खोज्दैछु। दया गरी मलाई भन्नुहोस्, उनीहरू बगाल कहाँ चराउँदैछन्? १७ त्यस मानिसले भन्यो, 'उनीहरू त यहाँबाट गए, किनभने उनीहरूले 'हामी दोतानतिर जाऔं' भनिरहेका मैले सुनेको थिएँ।' यसैले आफ्ना दाजुहरूलाई खोज्दैगएर योसेफले उनीहरूलाई दोतानमा भेट्टाए। १८ उनीहरूले तिनलाई टाढ़ैमा आइरहेका देखे, र तिनी उनीहरूका नजिक आइपुग्नुभन्दा अघि नै तिनलाई मार्ने उनीहरूले मतो गरे। उनीहरूले आपसमा भने, 'त्यो स्वप्न-दर्शी आउँदैछ। १९ लौ, अब हामी त्यसलाई मारेर एउटा खाड़लमा फालिदिऔं। २० 'जङ्गली पशुले त्यसलाई खाएछ क्यारे' भनी हामी भनौं, र त्यसका सपनाहरू के हुँदारहेछन्, हेरौंला।' २१ यो सुनेर रूबेनले यसो भनेर उनीहरूका हातबाट तिनलाई बचाउन खोजे, 'हामीले त्यसको ज्यानै त लिनुहुँदैन।' २२ रूबेनले उनीहरूलाई भने, 'रक्तपातचाहिँ नगरौं। यहाँ मरुभूमिको यस खाल्डोमा त्यसलाई फालिदिऔं। तर त्यसमाथि हातचाहिँ नउठाऔं।' उनीहरूका हातबाट बचाएर योसेफलाई आफ्ना बाबुकहाँ पुऱ्याइदिने हेतुले रूबेनले यसो भनेका थिए।

२३ यसैले जब योसेफ आफ्ना दाजुहरूकहाँ आइपुगे तब तिनले लाएका राम्रा बुट्टाहरू भएको त्यो लामो लबेदा उनीहरूले फुकालेर खोसे। २४ अनि उनीहरूले तिनलाई समातेर एउटा गहिरो खाल्डोमा फालिदिए। त्यो पानी नभएको सुक्खा खाल्डो थियो। २५ जसै उनीहरू खान बसे, उनीहरूले यसो मास्तिर हेरे र मिश्रतिर सुगन्धित मसला, लेप र मूर्र ऊँटहरूमा लादेर लगिरहेका गिलादबाट आएको एक इश्माएली यात्री दललाई देखे। २६ तब यहूदाले आफ्ना दाजुभाइहरूलाई भने, 'हामीले आफ्नो भाइलाई मारेर त्यसको रगत लुकाएर हामीलाई के फाइदा हुन्छ र? २७ आओ, अब त्यसलाई इश्माएलीहरूका हातमा बेचिदिऔं। हामी त्यसमाथि हातचाहिँ नउठाऔं। किनकि त्यो हाम्रै भाइ, हाम्रै जीउजस्तै हो।' उनका दाजुभाइहरूले उनको कुरा माने। २८ यसकारण जब मिद्यानी व्यापारीहरू त्यही बाटो भएर आए, तब योसेफका

दाजुहरूले तिनलाई खाल्डोबाट तानी निकालेर ती इश्माएलीहरूका हातमा चाँदीका बीस सिक्कामा बेचिदिए। अनि तिनीहरूले योसेफलाई मिश्रमा लगे। २९ जब रूबेन खाल्डोमा फर्के तब योसेफलाई त्यस खाल्डोमा नदेख्दा उनले आफ्ना लुगा च्याते, ३० र भाइहरूकहाँ गएर भने, 'केटो त छैन तरु अब म कहाँ जाऊँ? ३१ तब उनीहरूले एउटा बोका मारेर योसेफको लबेदा त्यस रगतमा चोपे। ३२ अनि त्यो राम्रा बुट्टाहरू भएको लबेदा उनीहरूले आफ्ना बाबुकहाँ ल्याएर भने, 'यो हामीले भेट्टायौं। हेर्नुहोस् त, यो तपाईंको छोराको हो कि होइन? ३३ इस्राएलले त्यो लुगा चिनेर भने, 'यो त मेरो छोराकै लबेदा हो। जङ्गली पशुले त्यसलाई खाएछ क्यारे! निस्सन्देह योसेफलाई धुजाधुजा पाऱ्यो होला।' ३४ तब याकूबले आफ्ना लुगा च्याते, र तिनले आफ्नो कम्मरमा भाङ्ग्रा लाएर आफ्ना छोराको निम्ति धेरै दिनसम्म शोक गरे। ३५ तिनका सबै छोराछोरीहरूले तिनलाई सान्त्वना दिने प्रयत्न गरे, तर तिनलाई शान्ति भएन। तिनले भने, 'अहँ, यो मेरो शोकमा नै म मेरो छोराकहाँ चिहानमा जानेछु।' यसरी योसेफका बाबुले तिनको निम्ति बिलौना गरे। ३६ यसै बीचमा मिद्यानीहरूले योसेफलाई मिश्रमा फारोका एक जना अधिकृत पोतीफरको हातमा बेचिदिए।", २ शमूएल १३ '१ दाऊदका छोरा अब्शालोमकी तामार नाउँ भएकी एउटी सुन्दरी बहिनी थिइन्। अनि दाऊदका अर्का छोरा अमनोन तिनीसँग प्रेममा फसे। अमनोन आफ्नी सौतेली बहिनीको प्रेमले गर्दा यति व्याकुल भए कि उनी रोगाउँदैगए। किनभने तिनी कन्ये-केटी भएकी हुनाले तिनीसँग केही गर्न अमनोनलाई असम्भव थियो। ३ तर दाऊदका दाजु शिमाहका छोरा योनादाब नाउँ भएका अमनोनका एक मित्र थिए, जो अत्यन्तै चतुर थिए। ४ तिनले अमनोनलाई भने, 'हे राजकुमार, तिमी यसरी दिनदिनै हताश हुँदैजाँदैछौ, मलाई किन कारण भन्दैनौ? तब अमनोनले उनलाई भने, 'म मेरा भाइ अब्शालोमकी बहिनी तामारसँग प्रेममा फसेको छु।' ५ योनादाबले तिनलाई भने, 'बिरामी छु भन्ने बहाना गरेर ओछ्यानमा सुतिरह। जब तिम्रा पिता तिमीलाई हेर्न आउँछन् तब तिनलाई भन, 'कृपा गरी मेरी बहिनी तामार आएर मलाई मेरो खानेकुरा दिओस्। त्यसले मेरै सामुन्ने त्यो पकाओस्, र म त्यसले बनाएकी हेर्छु, र त्यसकै हातबाट खानेछु'।' ६ यसैले अमनोन बिरामी परेको बहाना गरेर ओछ्यानमा सुतिरहे। जब राजा उनलाई हेर्न आए तब उनले भने, 'हजूर, मेरी बहिनी तामार आएर मेरै सामु केही विशेष रोटी बनाइदिओस्, र म त्यसको हातबाट खान पाऊँ।' ७ दाऊदले महलमा तामारकहाँ यसो भनेर समाचार पठाए, 'तिम्रो दाजु अमनोनको कोठामा गएर त्यसको निम्ति खानेकुरा पकाइदेऊ।' ८ तामार तिनका दाजुकहाँ आइन्, र उनलाई सुतिरहेका

भेट्टाइन्। तिनले केही पीठो मुछेर उनको सामुन्ने रोटी पकाइदिइन्। ९ तब
तिनले तावा लगेर अमनोनको सामुन्ने रोटी हालिदिइन्, तर अमनोनले खान
मानेनन्। तब अमनोनले सबैलाई आफ्नो कोठाबाट जाने हुकुम गरे। १० जब
तिनीहरू सबै गए, तब उनले तामारलाई भने, 'खानेकुरा मेरो भित्री कोठामा
ल्याऊ, र म त्यहाँ तिम्रो हातबाट खानेछु।' आफूले बनाएका रोटीहरू तामारले
अमनोनकहाँ भित्री कोठामा लगिन्। ११ तर जब तिनले अमनोनलाई ती दिइन्
तब उनले तिनलाई समातेर भने, 'हे मेरी बहिनी, आऊ, मसित सुत।' १२
तर तिनले जवाफ दिइन्, 'होइन मेरो दाज्यै, मेरो बेइज्जत नगर्नुहोस्। यस्तो
काम इस्राएलमा गर्नुहुँदैन। यस्तो नीच काम नगर्नुहोस्। १३ मैले मेरो अनुहार
कहाँ गएर देखाउनु? अनि तपाईं पनि इस्राएलमा एक दुष्ट, मूर्ख बन्नुहुनेछ।
मेरो निम्ति राजासित कुरा गर्नुहोस्, अनि मसित विवाह गर्नलाई उहाँले
तपाईंलाई इन्कार गर्नुहुनेछैन।' १४ तर उनले तामारको कुरा ट्याक्कै सुनेनन्,
र तिनलाई जबरजस्ती गरेर समाते, र तिनको बेइज्जत गरी तिनीसँग सुते। १५
त्यसपछि अमनोनले तिनलाई अत्यन्त घृणा गर्न लागे। अमनोनको अघिको
प्रेमभन्दा अहिलेको घृणा धेरै थियो। अमनोनले तिनलाई भने, 'उठेर गइहाल्।'
१६ तिनले जवाफ दिएर भनिन्, 'अँहँ, मलाई यसरी निकाल्नु त साह्रै दुष्ट कुरा
हो। तपाईंले मसित गर्नुभएको कामभन्दा यो झन् असहाय छ।' उनले तिनको
कुरा सुन्दैसुनेनन्, १७ र आफ्नो चाकरी गर्ने केटालाई बोलाएर भने, 'यस
स्त्रीलाई निकालिदे। यसलाई बाहिर निकालेर ढोकामा आग्लो लगाइदे।' १८
चाकरी गर्ने त्यस ठिटाले तिनलाई बाहिर निकालिदियो, र ढोकामा आग्लो
लगाइदियो। तामारले विवाह नगरेकी राजकुमारीले लाउने लामो बाहुला भएको
लुगा लगाएकी थिइन्। १९ तामारले आफ्नो कपालमा खरानी हालिन्, आफूले
लगाएको लामो बाहुलाको लुगा च्यातिन्, र कपालमा हात राख्दै रुँदैगइन्। २०
तिनका दाजु अब्शालोमले तिनलाई सोधे, 'के तिम्रा दाजु अमनोन तिमीसित
थियो? अब चूप लागी बस्। उनी तिम्रा दाजु हुन्, यस विषयमा साह्रै चिन्ता
नगर्।' अनि तामार आफ्ना दाजु अब्शालोमको घरमा एक त्यागिएकी स्त्रीझैं
बसिन्। २१ जब दाऊद राजाले यी सब सुने तब तिनी साह्रै रिसाए। २२
अब्शालोमले अमनोनलाई असल वा खराब केही भनेनन्। आफ्नी बहिनी
तामारलाई बेइज्जत गरेको कारण अब्शालोमले अमनोनलाई घृणा गर्न लागे।
२३ दुई वर्षपछि अब्शालोमले सबै राजकुमारहरूलाई एफ्राइमको नजिक बाल-
हासोरमा ऊन कत्रने उत्सवमा निम्तो दिए। २४ अब्शालोमले राजाकहाँ आएर
भने, 'हजूर, म ऊन कत्रने उत्सव मनाइरहेछु। के राजा र उहाँका सेवकहरू
पाल्नुहुन्छ कि? २५ राजाले जवाफ दिए, 'अँहँ, मेरा छोरा, हामी सबै आएर

तिमीलाई भार हुन चाहन्नौं।' अब्शालोमले ढिपी गरे, तर दाऊद जानलाई राजी भएनन्, र आफ्नो आशीर्वाद दिएर तिनलाई बिदा गरे। २६ तब अब्शालोमले भने, 'हजूर आउन सक्नुहुन्न भने मेरा दाजु अमनोनलाई हामीसँग आउन दिनुहुन्छ कि? राजाले सोधे, 'त्यो किन तिमीसँग जाने र? २७ तर अब्शालोमले फेरि जिद्दी गरे। यसैले दाऊदले अमनोन र अरू सबै राजकुमारहरूलाई तिनीसित जान दिए। २८ अब्शालोमले आफ्ना मानिसहरूलाई यस्तो आज्ञा दिए, 'मौका हेरिबस, अनि जब अमनोन मातेर मस्त भएका हुन्छन् र म 'अमनोनलाई मार्! ' भन्नेछु, तब तिमीहरूले उनलाई मार्नू। डराउने केही काम छैन। यो मेरो हुकुम हो। हिम्मत गरी दृढ़ बस।' २९ अनि अब्शालोमका मानिसहरूले तिनले भनेझैं गरे। तब सबै राजकुमारहरू हतार-हतार आफ्नो-आफ्नो खच्चरमा चढ़ेर घरतिर लागे। ३० तिनीहरू बाटैमा हुँदा राजाकहाँ यस्तो हल्ला पुग्यो, 'अब्शालोमले सबै राजकुमारलाई मारे, अनि कोही पनि जीवित छैन।' ३१ तब राजा उठेर आफ्ना लुगा च्याते, र भूइँमा पस्रिए। तिनका वरिपरि उभिएका नोकरहरूले पनि आफ्ना-आफ्ना लुगा च्याते। ३२ तर दाऊदका दाजु शिमाहका छोरा योनादाबले भने, 'तिनीहरूले सबै जवान राजकुमारहरूलाई मारे भनी हजूरले नसम्झनुहोला। अमनोन मात्र मारिएको छ। तिनकी बहिनी तामारलाई अमनोनले बलात्कार गरेको दिनदेखि यसो अब्शालोमको त्यो नियत जाहेर थियो। ३३ सबै राजकुमारहरू मरे भन्ने झूटो हल्लामा हजूरले ध्यान नदिनुहोला। अमनोन मात्र मारिएको छ।' ३४ त्यसै बीचमा अब्शालोम भागेर गए। तब पहरादारले यसो मास्तिर हेर्दा मानिसहरूको एउटा भीड़ होरोनैमदेखि डाँड़ै-डाँड़ा तलतिर झरिरहेको देख्यो। त्यसले आएर राजालाई यसो भनेर खबर दियो, 'होरोनैमदेखि डाँड़ै-डाँड़ा मानिसहरू आइरहेका मैले देखें।' ३५ योनादाबले राजालाई भने, खहेर्नुहोस्, तिनीहरू आउँछन् भनी मैले भनेझैं राजकुमारहरू आइरहेका छन्।' ३६ तिनले बोलिसक्ने बित्तिकै राजकुमारहरू भित्र आए, अनि डाँको छोड़ी विलाप गर्न लागे। राजा र तिनका सबै नोकरहरू पनि धुरुधुरु रोए। ३७ अब्शालोम गशूरका राजा अम्मीहूदका छोरा तल्मैकहाँ गएर शरण लिए। तर राजाले दिनदिनै आफ्नो छोरा अमनोनको निम्ति विलाप गरे। ३८ गशूरमा भागेपछि अब्शालोम तीन वर्षसम्म त्यहाँ बसे। ३९ अनि अमनोनको मृत्युबारे तिनको हृदयले शान्ति पाएपछि दाऊदलाई फेरि अब्शालोमकहाँ जान मन लाग्यो।" र २ राजा १६:१-४ "१ रमल्याहका छोरा पेकहको सत्रौं वर्षमा यहूदाका राजा योतामका छोरा आहाजले राज्य गर्न लागे। २ जब आहाज राजा भए तब तिनी बीस वर्षका थिए, र तिनले यरूशलेममा सोह्र वर्ष राज्य गरे। तिनले आफ्ना पुर्खा दाऊदले गरेझैं परमप्रभुको दृष्टिमा जे

कुरो असल थियो त्यही गरेनन्। ३ इस्राएलका राजाहरूका चालमा तिनी हिँडे।
इस्राएलको सामुबाट जुन जातिहरूलाई परमप्रभुले निकाल्नुभएको थियो,
तिनीहरूकै घिनलाग्दा चालमा हिँडेर तिनले आफ्नो छोरालाई पनि आगोमा होम
गरे। ४ तिनले अल्गा-अल्गा ठाउँहरू र डाँड़ाका टाकुराहरूमा र हरेक झ्याम्म
परेको रूखमुनि बलिदानहरू चढ़ाए र धूप बाले।" २ राजा १७:१-२२ "१
यहूदाका राजा आहाजको बाह्रौं वर्षमा एलाहका छोरा होशिया सामरियामा
इस्राएलका राजा भए, र तिनले नौ वर्ष राज्य गरे। २ तिनले परमप्रभुको
दृष्टिमा जे कुरो खराब थियो त्यही गरे, तर तिनका अघिका इस्राएलका
राजाहरूले गरेजस्तै त होइन। ३ अश्शूरका राजा शलमनेशेरले होशियालाई
आक्रमण गर्न आए। होशियाले उनका अधीनमा भएर उनलाई कर तिरेका
थिए। ४ तर अश्शूरका राजाले होशियाले विश्वासघात गरेका देखे, किनकि
तिनले मिश्रदेशका राजा सोकहाँ राजदूतहरू पठाएका थिए र बर्सेनि पठाउने कर
रोकेका थिए। यसैकारण शलमनेशेरले तिनलाई कैद गरेर झ्यालखानमा हाले।५
अश्शूरका राजाले सारा देशलाई आक्रमण गरे, र सामरियाको विरुद्धमा हमला
गरेर त्यसलाई तीन वर्षसम्म घेरा हाले। ६ अश्शूरका राजाले होशियाको नवौं
वर्षमा सामरिया कब्जा गरे र इस्राएलीहरूलाई कैद गरेर अश्शूरमा लगे। उनले
तिनीहरूलाई हलहमा, हाबोर नदीको किनारमा भएको गोजानमा र मादीहरूका
नगरहरूमा बसाले। ७ यी सबै भएको कारणचाहिँ यही थियो, कि मिश्रदेशका
राजा फारोको शक्तिबाट मिश्रदेशदेखि निकालेर ल्याउनुहुने परमप्रभु आफ्ना
परमेश्वरको विरुद्धमा इस्राएलीहरूले पाप गरेका थिए। तिनीहरूले अरू
देवताहरूलाई पुजे, ८ र परमप्रभुले तिनीहरूका सामुबाट निकाल्नुभएका अरू
जातिहरूले र इस्राएलका राजाहरूले चलाएका चालमा पनि तिनीहरू हिँडे। ९
परमप्रभु आफ्ना परमेश्वरको विरुद्धमा जे ठीक थिएन त्यो गुप्त रूपमा
इस्राएलीहरूले गरे। पहरादार बस्ने धरहरादेखि लिएर किल्ला भएको सहरसम्मै
तिनीहरूले आफ्ना सबै नगरहरूमा अल्गा-अल्गा ठाउँहरू बनाए। १० हरेक
अल्गो डाँड़ामा र हरेक झ्याम्म परेको रूखमुनि तिनीहरूले चोखा ढुङ्गा र अशेरा
देवीका खम्बाहरू खड़ा गरे। ११ तिनीहरूका सामुन्नेबाट निकालिएका
जातिहरूले गरेझैं हरेक अल्गा ठाउँमा तिनीहरूले धूप बाले। तिनीहरूले खराब
काम गरे, जसले गर्दा परमप्रभुलाई रीस उठ्यो। १२ परमप्रभुले तिनीहरूलाई
'तिमीहरूले यस्तो गर्नुहुँदैन' भन्नुभए तापनि तिनीहरूले मूर्तिहरूको पूजा गरे।
१३ परमप्रभुले आफ्ना सबै अगमवक्ता र दर्शीहरूद्वारा इस्राएल र यहूदालाई
गम्भीर चेताउनी दिनुभयो: 'तिमीहरूले आफ्ना खराब चाल छोड़। मेरा आज्ञाहरू
र उर्दीहरू सम्पूर्ण व्यवस्थाअनुसार पालन गर, जो मैले तिमीहरूका पुर्खाहरूलाई

मान्नू भनी आज्ञा गरेको थिएँ, र मेरा दास अगमवक्ताहरूद्वारा तिमीहरूलाई दिएको थिएँ।' १४ तर तिनीहरूले सुन्न मानेनन्, र परमप्रभु तिनीहरूका परमेश्वरमाथि भरोसा गर्नलाई इन्कार गरेका तिनीहरूका पिता-पुर्खाहरूझैं तिनीहरू हठी भए। १५ तिनीहरूले उहाँका उर्दीहरू र उहाँले तिनीहरूका पिता-पुर्खाहरूसँग बाँध्नुभएको करार र तिनीहरूलाई दिनुभएका चेताउनीहरू इन्कार गरे। तिनीहरू बेकामका मूर्तिहरूपछि लागे, र तिनीहरू आफै पनि बेकामका भए। तिनीहरूले आफ्ना वरिपरि भएका जातिहरूको नकल गरे, यद्यपि परमप्रभुले तिनीहरूलाई यसो भनेर हुकुम गर्नुभएको थियो, 'उनीहरूले गरेझैं तिमीहरू नगर।' र परमप्रभुले तिनीहरूलाई मनाही गर्नुभएका कुरा तिनीहरूले गरे। १६ तिनीहरूले परमप्रभु तिनीहरूका परमेश्वरका सबै आज्ञाहरू त्यागे, र आफ्ना निम्ति बाछ्ाको आकारमा ढालेर बनाइएका दुई वटा मूर्तिहरू र एउटा अशेरा देवीको खम्बा बनाए। तिनीहरू आकाशका सबै तारामण्डलको सामुन्ने घोप्टो परे, र बालको पूजा गरे। १७ तिनीहरूले आफ्ना छोराहरू र छोरीहरूलाई आगोमा होम गरे। तिनीहरूले जोखना हेरे, र टुनामुना गरे, र परमप्रभुको दृष्टिमा जे कुरो खराब थियो त्यो गर्न तिनीहरूले आफैलाई बेचेर उहाँलाई रीस उठाए। १८ यसैले परमप्रभु इस्राएलसित साह्रै रिसाउनुभयो, र तिनीहरूलाई आफ्नो उपस्थितिबाट निकालिदिनुभयो। केवल यहूदाको कुल मात्र छोड़ियो, १९ र यहूदाले पनि परमप्रभु आफ्ना परमेश्वरका आज्ञाहरू पालन गरेनन्। इस्राएलले चलाएका चालमा तिनीहरू हिँड़े। २० यसकारण परमप्रभुले इस्राएलका सबै मानिसहरूलाई त्याग्नुभयो। उहाँले तिनीहरूलाई कष्ट दिनुभयो, र लूटपीट गर्नेहरूका हातमा सुम्पिदिनुभयो, जबसम्म तिनीहरूलाई आफ्नो उपस्थितिदेखि फालिदिनुभएन।" र २ राजा २१:१-९ "१ जब मनश्शे राजा भए तब तिनी बाह्र वर्षका थिए, र तिनले यरूशलेममा पचपन्न वर्ष राज्य गरे। तिनकी आमाको नाउँ हेप्सीबा थियो। २ इस्राएलीहरूका सामुन्नेबाट परमप्रभुले धपाउनुभएका जाति-जातिहरूका घिनलाग्दा चालहरूमा हिँड़ेर तिनले परमप्रभुको दृष्टिमा जे कुरो खराब थियो त्यही गरे। ३ तिनका पिता हिजकियाले सर्वनाश गरेका अल्गा-अल्गा ठाउँहरू तिनले फेरि निर्माण गरे। इस्राएलका राजा आहाबले गरेझैं तिनले बालको निम्ति वेदीहरू खड़ा गरे, र अशेराको एउटा खम्बा पनि बनाए। तिनले आकाशका सारा तारामण्डललाई घोप्टो परेर दण्डवत् गरे। ४ तिनले परमप्रभुको मन्दिरमा वेदीहरू बनाए, जुन मन्दिरको विषयमा परमप्रभुले भन्नुभएको थियो, 'यरूशलेममा नै म मेरो नाउँ राख्नेछु।' ५ परमप्रभुको मन्दिरका दुवै चोकमा तिनले आकाशका तारामण्डलको निम्ति वेदीहरू बनाए। ६ तिनले आफ्नै छोरालाई आगोमा होम गरे, टुनामुना गरे, र

**जोखना हेरे, र भूतप्रेत र पिशाचहरू खेलाए। तिनले परमप्रभुको दृष्टिमा साह्रै खराबी गरे र उहाँलाई साह्रै रीस उठाए। ७ आफूले खोपेर बनाएको अशेरा देवीको मूर्ति तिनले त्यस मन्दिरमा राखे, जसको विषयमा परमप्रभुले दाऊद र तिनका छोरा सोलोमनलाई भन्नुभएको थियो, 'यस मन्दिरमा र मैले इस्राएलका सबै कुलण्हरूमध्ये चुनेको यरूशलेममा सदासर्वदा म मेरो नाउँ राख्नेछु। ८ यदि तिनीहरूले मैले आज्ञा गरेका सबै कुरा गर्न होशियारी गरे र मेरो दास मोशाले तिनीहरूलाई दिएका सारा व्यवस्था पालन गरे भने, मैले तिनीहरूका पिता-पुर्खाहरूलाई दिएको देशबाट इस्राएलीहरूका खुट्टा फेरि यताउता घुमफिर गर्न म दिनेछैनँ।' ९ तर मानिसहरूले ध्यानै दिएनन्। मनश्शेले तिनीहरूलाई बरालेर लगे, र इस्राएलको सामुन्ने परमप्रभुले सर्वनाश गर्नुभएका जाति-जातिहरूभन्दा पनि अझ बढ़ी खराब काम तिनीहरूले गरे।"**

कसैले कसैमाथि दुर्व्यवहार गर्न चाहन्छ, अपमान गर्न चाहन्छ वा होच्याएर व्यवहार गर्न चाहन्छ भने त्यो उसले स्वविवेकको स्वतन्त्रता उपयोग गरेको हुन्छ। हैकमबाद वा अरूमाथि हुकुम गरेर चल्ने वा नचल्ने, अरूलाई दवाव दिएर आफ्नो भाऊ खोज्ने कि नखोज्ने वा अरूलाई नियन्त्रण गर्ने कि नगर्ने बानी मानिसको व्यक्तिगत निर्णय हो। असमायिक कामबासनाले जल्ने वा यौन दुर्व्यवहार गर्ने, रिसको झोकमा जे पनि गर्ने वा आफूले आफूलाई बशमा राख्न नसक्ने चरित्र जाँडरक्सी खाएकोले भएको हो वा तनावमा परेर गरेको हो भन्नु बहानामात्र हो। पीडितको कारणले आफूले त्यस्तो दुर्व्यवहार गरेको हो भनेर बचाउ गर्नु कसैको निम्ति स्वीकार्य हुँदैन। यदि कसैले कसैलाई दुर्व्यवहार गर्छ भने दुर्व्यवहारको शिकार हुने व्यक्तिको दोष हुँदैन। दुर्व्यवहार गर्न चाहने, अरूलाई शोषण गर्न चाहने वा प्रेमको नाउँमा बलात्कार गर्ने मानिसले प्रेम भन्ने शब्दलाई नै दुरुपयोग गरेको हुन्छ र बङ्ग्याएको हुन्छ। यदि सच्चा प्रेम गर्छ भने त्यो प्रेमले कसैलाई पनि हानी गर्दैन भनेर पावलले रोमी १३:१० व्यक्त गर्दछन्। त्यस्तो खालको मानिसको व्यवहारलाई परिवर्तन गर्न सुधारगृहमा राख्न सकिन्छ वा जान्ने मानिसले सहयोग गर्न सक्छ। तर दुर्व्यवहार गर्ने बानी भएको मानिसले आफूले गरेको कामको जिम्मा लिनुपर्छ र त्यसबाट सुधारिन सहयोग लिने चाहना गर्नुपर्छ। खराब आदत भएका मानिसहरूले खराबी गर्नबाट उम्किन चाहन्छन् भने ती मानिसहरू परमेश्वरकहाँ खुला दिलले आउनुपर्दछ, आफ्नो कुलतको पश्चाताप गर्नुपर्छ, सकेसम्म क्षतिपूर्ति गर्ने प्रयास गर्नुपर्छ र आफ्नो हृदयमा भएको चोटलाई पनि निको पार्न र अरूलाई प्रेम गर्न ईश्वरीय प्रेम अर्थात् अगापे प्रेमका गुणहरूलाई अङ्गाल्नुपर्छ। यदि परमेश्वरकहाँ आएर त्यसो गर्ने निर्णय

गऱ्यो भने कुनै पनि मानिसले नसोचेको अचम्मको काम गर्न उहाँले सक्षम बनाउनुहुन्छ अर्थात् उहाँले सहयोग गर्न सक्नुहुन्छ। पावलले यसरी हामीलाई विश्वस्त गराउँछन् " उहाँलाई, जसले हामीभित्र काम गर्ने उहाँको शक्तिअनुसार हामीले मागेको वा चिताएको भन्दा ज्यादै प्रशस्त मात्रामा गर्न सक्नुहुन्छ।" (एफिसी ३:२०)।

**हिंसाले गर्दा आतङ्कित भएको मानिसको ठाउँमा तपाईंले आफूलाई राख्नुहोस्। कस्तो खालको सान्त्वना, आशाका वचनहरू र सकारात्मक वचनहरू तपाईं सुन्न चाहनुहुन्छ? शोषण, दमन स्वभाव वा दुर्व्यहार गर्ने बानी भएका व्यक्तिको साथमा कसरी बस्ने भनेर सल्लाह दिनुको सट्टा त्यसलाई सुरक्षित स्थान उपलब्ध गराउन र वास्ता गर्ने सकारात्मक कदम चल्नु किन जरुरी छ?**

## ४. स्वतन्त्रताको हरण

कति लाखौं, करौडौं वा अरबौं मानिसहरू कुनै न कुनै कुलत, अम्मल, दुर्व्यसन वा खराब बानीसँग कसरी र किन संघर्ष गरिरहेकाछन् त्यो परमेश्वरलाई मात्र थाहा छ। मानिस किन त्यस्तो स्थितिमा गुज्रिन्छ भनेर आजसम्म पनि कुनै वैज्ञानिकले पत्ता लगाउन सकेको छैन। तर कतिपय समयमा वैज्ञानिकहरूले मानिसहरूका मगजमा भएका विभिन्न भागहरूमा कुलत वा अम्मल वा नशामा लाग्न तृष्णा र चाहना हुने एक भाग भेटिएको बताएका छन्।

तर दुर्भाग्यवस मानिसको मगजमा कुलत वा नराम्रो बानी हुने कुन भागमा छ भनेर भेट्टाउनु भनेको नराम्रो कुलतबाट स्वतन्त्र हुनु होइन।

नराम्रो कुलत वा दुर्व्यसनले सबैलाई नराम्रोसँग असर पार्दछ, त्यस कुलतमा लाग्ने मानिसलाई मात्र होइन। परिवारका सदस्यहरू- आमाबाबु, श्रीमान श्रीमती बालबालिका सबै पीडित हुन्छन् यदि परिवारको कुनै पनि सदस्य कुलत वा दुर्व्यसनमा लागेको छ भने। दुर्व्यसनबाट छुटकारा पाउन सबै जनाले चाहन्छन् तर कतिपयसमयमा दुर्व्यसनको शक्तिले दुर्व्यसनीलाई नियन्त्रण गरिसकेको हुन्छ। युवा,युवती वा सबै उमेरका कुलतसँग संघर्ष गरिरहेका मानिसहरूलाई थाहा छ आफ्नो बानीले तिनीहरूलाई नोक्सान पुऱ्याइरहेकाछन्। त्यसकारण तिनीहरू त्यो बानी रोक्न चाहन्छन् तर त्यसलाई रोक्न तिनीहरू असमर्थ हुन्छन्। (कतिपय चुरोठ र रक्सी खाने मानिसहरूलाई ती पदार्थले ल्याउने नोक्सानको बारेमा अवगत गराउँदा तिनीहरू त्यसलाई स्वीकार्दछन् र त्यसबाट छुटकारा पाउन आफूहरू असमर्थ भएको बताउँछन्-

अनुवादकको अनुभव)। कुलतमा लागेका (रक्सी चुरोठ, खैनी आदि खाने पनि कुलतमा लागेको मानिन्छ किनभने त्यसले जानाजानी शरीरलाई हानी पुऱ्याउँछ) मानिसहरूले विवेकको स्वतन्त्रता वा आत्मनिर्णयको स्वतन्त्रतालाई रमाइलोसँग उपभोग गरिरहेको भनेर दावी गरेतापनि तिनीहरू ती नशाको दास भएको महसुस गर्न चाहँदैनन्। त्यसले गर्दा यथार्थमा भन्ने हो भने ती मानिसहरूले अर्थपूर्ण जीवन बिताउने स्वतन्त्रता गुमाइरहेका छन्। मानिसहरू आफ्नै गलत निर्णयको कारण जालोमा फस्नेहरूको पर्दाफास पत्रुसले यसरी गर्दछन् "१३ आफूले गरेका खराबीहरूका निम्ति तिनीहरू आफैले पनि खराबी भोग्नेछन्। दिउँसै भोग-विलासमा मग्न रहनु यिनीहरू खुशीको कुरा ठान्छन्। तिनीहरू धब्बा र खोटहरू हुन्, र तिमीहरूसँग भोजमा बस्दा तिनीहरू बेसरी खाँदै पिउँदै विलासितामा मग्न रहन्छन्। १४ तिनीहरूका आँखा व्यभिचारले भरिएका हुन्छन्, र जत्ति पाप गर्दा पनि नअघाउने हुन्छन्। तिनीहरूले चञ्चल मन भएकाहरूलाई फुस्लाउँछन्। तिनीहरूका हृदयले लोभमा तालीम पाएका हुन्छन्। तिनीहरू श्रापित सन्तान हुन्। १५ सोझो मार्ग छोड़ेर तिनीहरू कुमार्गमा लागेका छन्। खराब कामको लाभ असल मान्ने बओरको छोरो बालामको पछि तिनीहरू लागेका छन्। १६ त्यसले आफ्नै अपराधको निम्ति हप्की पाएको थियो। गूँगो गधाले मानिसको बोलीमा त्यस अगमवक्ताको पागलपनालाई रोकिदिएको थियो। १७ तिनीहरू पानी नभएका मुहानहरू हुन्, आँधीले उड़ाएका तुवाँला हुन्। तिनीहरूका निम्ति पातालको अन्धकार साँचिएको छ। १८ तिनीहरू मूर्खतापूर्ण ठूला-ठूला अहङ्कारका कुरा हाँक्छन्, र कुमार्गबाट भर्खरै उम्केर आएकाहरूलाई शरीरका विलासमय कामवासनाका कुराले फसाउँछन्। ***१९ तिनीहरूलाई स्वतन्त्रता दिलाइदिने प्रतिज्ञा गर्छन्, तर तिनीहरू आफै भ्रष्टताका दास छन्, किनकि जुन कुराले कुनै मानिसलाई जित्छ त्यही कुराले त्यसलाई दास बनाउँछ***। २० तर यदि तिनीहरूले हाम्रा प्रभु र मुक्तिदाता येशू ख्रीष्टलाई चिनेर पनि संसारका दूषित गराउने कुराबाट उम्किसकेपछि फेरि पापमा फसेर त्यसको वशमा परे भने, तिनीहरूको पछिल्लो अवस्था अगाडिको भन्दा अझ खराब हुन्छ। २१ किनभने तिनीहरूलाई दिइएको पवित्र आज्ञा जानिकन पनि पछि हट्नुभन्दा त बरु तिनीहरूलाई धार्मिकताको मार्ग कहिल्यै थाहै नभएको भए असल हुनेथियो। २२ यी सत्य उखानअनुसार नै तिनीहरूलाई यसो भएको छ, 'कुकुर आफ्नै बान्तामा फर्किआउँछ,' 'र नुहाइदिएको सुँगुर हिलैमा लड़ीबड़ी खेल्छ।" (२ पत्रुस २:१३-२२)।

मानिसहरू नराम्रो नशा, कुलत, दुर्व्यसन आदिमा फस्ने कारणहरू के-के हुन् भनेर देहायका पदहरूले बताउँछन्। हेर्नुहोस्: लूका १६:१३ "कुनै नोकरले दुई मालिकको सेवा गर्न सक्दैन, किनकि त्यसले एउटालाई घृणा गरेर अर्कालाई प्रेम गर्छ, अथवा त्यो एउटाको भक्त भएर अर्कालाई तुच्छ ठान्छ। तिमीहरू परमेश्वर र धन दुवैको सेवा गर्न सक्दैनौ।", रोमी ६:११-१६ "११ यसै गरी तिमीहरूले पनि आफू-आफूलाई पापको लेखि मरेका, तर ख्रीष्ट येशूमा परमेश्वरको लागि जीवित भएका ठान्नुपर्छ। १२ यसकारण शरीरका अभिलाषाअनुसार चल्नु नपरोस् भनी तिमीहरूका मरणशील शरीरमा पापलाई राज्य गर्न नदेओ। १३ आफ्ना शरीरका अङ्गहरू दुष्टताका साधनको रूपमा पाप गर्नलाई समर्पण नगर। तर मृत्युबाट जीवनमा ल्याइएका मानिसहरूजस्तै आफैलाई परमेश्वरकहाँ दिइहाल, र शरीरका अङ्गहरूलाई धार्मिकताका साधनजस्तै परमेश्वरकहाँ समर्पण गर। १४ किनकि पापले तिमीहरूमाथि राज्य गर्नेछैन, किनकि तिमीहरू व्यवस्थाको अधीनमा छैनौ, तर अनुग्रहको अधीनमा छौ। १५ अब के त? के हामी व्यवस्थाको अधीनमा छैनौं, तर अनुग्रहको अधीनमा छौं भनेर पाप गर्ने त? कदापि होइन। *१६ के तिमीहरू जान्दैनौ, आज्ञाकारी कमाराको रूपमा आफैलाई जसकहाँ समर्पण गर्छौ, जसको आज्ञा तिमी पालन गर्छौ, त्यसको कमारा पनि हुन्छौ?* कि त मृत्युतिर लाने पापको कमारा अथवा धार्मिकतातिर लाने आज्ञाकारिताकोरु १७ तर परमेश्वरलाई धन्यवाद होस्, कि तिमीहरू, जो एक पल्ट पापका कमारा थियौ अब जुन शिक्षाको नमूनामा तिमीहरू सुम्पिएका थियौ, त्यो हृदयले पालन गर्ने भएका छौ।", याकूब १:१३-१६ "१३ परीक्षा हुँदा कसैले पनि यसो नभनोस्, 'परमेश्वरद्वारा मेरो परीक्षा भएको हो।' किनकि कुनै खराब कुराबाट परमेश्वरको परीक्षा हुन सक्दैन, र उहाँ आफैले पनि कुनै मानिसको परीक्षा गर्नुहुन्न। १४ तर हरेक मानिस आफ्नै खराब इच्छाद्वारा लोभिएर परीक्षामा पर्दछ। १५ तब खराब इच्छाले गर्भधारण गरेपछि त्यसले पाप जन्माउँछ। अनि पाप पूरै बढ़ेपछि त्यसले मृत्यु ल्याउँछ। १६ मेरा प्यारा भाइ हो, धोकामा नपर।" र १ यूहन्ना २:१५-१७ "१५ संसारलाई वा संसारमा भएका कुनै पनि थोकलाई प्रेम नगर। यदि कुनै मानिसले संसारलाई प्रेम गर्दछ भने पिताको प्रेम त्यसमा हुँदैन। १६ किनकि संसारमा भएका सबै थोक, अर्थात् शरीरको अभिलाषा, आँखाको अभिलाषा, जीवनको शेखी पिताबाट आएका होइनन्, तर संसारबाट आएका हुन्। १७ संसार बितिजान्छ र त्यसको अभिलाषा पनि बितिजान्छ, तर परमेश्वरको इच्छा पूरा गर्नेचाहिँ सधैंको निम्ति रहन्छ।"

कुलत वा नशामा लाग्नु र पाप एउटै हो भन्नेछैन। कतिपय मानिसहरू नशामा नलागेतापनि वा कुलतमा नलागेतापनि पाप गर्न सक्छन्। तर पापमा फसिरहने चाहनाले गर्दा तिनीहरू कुलत वा नशामा फस्न सक्दछन्। त्यसकारण कुनै पाप वा बानी व्यहोरा नराम्रो छ भनेर थाहा पाएपछि त्यसको पछि नलाग्न र त्यसलाई रोक्न परमेश्वरको शक्तिमा भरपर्नु धेरै उचित ठान्नुपर्दछ। पाप र नशामा फस्ने समस्याको सदाको निम्ति समाधान (केवल सुधारगृह, धर्मकर्ममा लाग्नुभन्दा) नयाँ हृदय वा परमेश्वरबाट नयाँ जीवन पाउने चाहना गर्नु हो। पावलले स्पष्टरूपमा व्यक्त गर्दछन् "हामी येशूको मातहतमा भएको कारणले हामीहरूले स्वार्थी भावना र चाहनाहरूलाई मारिसकेकाछौं" (गलाती ५:२४ रूपान्तरित)। त्यस पापी, नशा वा दुर्व्यसनलाई मर्न दिनुपर्छ ताकि हामी ख्रीष्टमा जिइरहन सकौं भनेर रोमी ६:८-१३मा यसरी व्यक्त गर्दछन् "८ तर यदि हामी ख्रीष्टसँग मरेका छौं भनेता उहाँसँग जिउने पनि छौं भन्ने विश्वास गर्दछौं। ९ हामी जान्दछौं कि ख्रीष्ट मरेकाहरूबाट जीवित भएर फेरि मर्नुहुनेछैन। अब उसो उहाँमाथि मृत्युको राज्य हुँदैन। १० जुन मृत्युमा उहाँ मर्नुभयो त्यो पापको लेखि सधैंको लागि एकै पल्ट मर्नुभयो। तर जुन जीवनमा उहाँ जिउनुहुन्छ, त्यो परमेश्वरको निम्ति जिउनुहुन्छ। ११ यसै गरी तिमीहरूले पनि आफू-आफूलाई पापको लेखि मरेका, तर ख्रीष्ट येशूमा परमेश्वरको लागि जीवित भएका ठान्नुपर्छ। १२ यसकारण शरीरका अभिलाषाअनुसार चल्नु नपरोस् भनी तिमीहरूका मरणशील शरीरमा पापलाई राज्य गर्न नदेओ। १३ आफ्ना शरीरका अङ्गहरू दुष्टताका साधनको रूपमा पाप गर्नलाई समर्पण नगर। तर मृत्युबाट जीवनमा ल्याइएका मानिसहरूजस्तै आफैलाई परमेश्वरकहाँ दिइहाल, र शरीरका अङ्गहरूलाई धार्मिकताका साधनजस्तै परमेश्वरकहाँ समर्पण गर।" अनि यसरी उनीले थप्दछन् "प्रभु येशू ख्रीष्ट तिमीहरूको आफ्नो लुगा लगाउने जस्तो नजिक होऊन् अर्थात् प्रभु येशू ख्रीष्ट तिमीहरूको वस्त्र होस्, अनि तिमीहरू पापमय स्वभावको अभिलाषा पूरा गर्ने स्वार्थी कुराहरूमा नलाग" (रोमी १३:१४ रूपान्तरित)।

**कतिपयले जीवनकालमा नशा वा दुर्व्यसनसँग व्यक्तिगतरूपमा लडिरहेको कसलाई थाहा छैन र? तपाईं आफै पनि हुनसक्नुहुन्छ वा अरू वा तपाईंको परिवारको कुनै सदस्य नराम्रो आदतमा फसिरहेको हुनसक्छ। इसाई नै भएतापनि आत्मिक जीवनको असफलताले होइन तर कुनै शारीरिक, मानसिक वा आर्थिक कारणले कुलतमा लाग्न पुगेकोले त्यसबाट छुट्कारा पाउन विज्ञ अर्थात्**

**जान्ने मानिसहरूको सहायता लिन आवश्यक छ भनेर महसुस गराउन तपाईंले कसरी सहयोग गर्न सक्नुहुन्छ?**

## ५. जीवन गुमाउनु

मानिस भएको हैशियतले हामी सबैलाई मृत्युको वास्तविकता थाहा छ। मृत्युको बारेमा हामी पढ्छौं, मृत्युलाई देखिरहेका हुन्छौं र हामी पनि मृत्युको नजिक आइरहेका हुनसक्छौं।

**१ कोरन्थी १५:२५,२६मा मृत्युलाई कसरी व्याख्या गरिएको छ र यस प्रकारले किन व्याख्या गरियो? "२५ उहाँले आफ्ना सारा शत्रुलाई आफ्ना पाउमुनि नपारुञ्जेल उहाँले राज्य गर्नैपर्छ। २६ सबैभन्दा पछि नष्ट पारिने शत्रु मृत्यु हो।"**

हामी मध्ये को होला जसको प्रियजनको मृत्यु हुँदा ठूलो सन्ताप भोग्दछ र मृत्यु कस्तो महाशत्रु भनेर मृत्युमाथि क्रोध पोख्दैन? अर्कोतिरबाट हेर्ने हो भने मर्नुमा "असल" पनि पाइएको छ। जो प्रभुमा छ र प्रभुलाई विश्वास गर्दछ उसको लागि मृत्युको खिल जतिसुकै पीडादायी भएतापनि त्यो केवल क्षणिक मात्र हो। उसले झिमिक्क आँखा चिम्लिन्छ र आँखा उघारिनेबेलामा ऊ अनन्त जीवनको निम्ति व्युँझिनेछ। "विश्वास गर्नेहरूको निम्ति मृत्यु सानो कुरो हो....। येशूभक्तको निम्ति मृत्यु केवल निन्द्रामात्रै हो (त्यो पनि चिर निन्द्रा होइन)। अन्धकारमा सन्नाटा वा चुपचापको समय हो। उसको जीवन येशूसँग परमेश्वरमा लुकेको हुन्छ "जब हाम्रो जीवनमा येशू देखापर्नुहुनेछ तब तपाईंहरू पनि उहाँको महिमामा देखा पर्नुहुनेछ।", एलेन जी ह्वाइट, द डिजाइर अभ एजेज्, पृ. ७८७बाट रूपान्तरित।

येशूको आगमन नहुँञ्जेल मृत्यु दुःखदायी, बिछोड र पीडाको समय भइरहनेछ भन्ने कुरामा हामीले आँखा चिम्लनु हुन्न। हो, मरेकाहरू त आनन्दसँग मरेर गए तर बाँकी जिउँदा साथीहरू र परिवारका सदस्यहरूको निम्ति मृत्यु ठूलो आघातको रूपमा नाचिरहेको पाइन्छ। मृत्यु स्वभाविक भएको कारणले कोही मर्दा दुःख मान्नु वा आघातको अनुभव गर्नुपनि स्वभाविकै हो। हामीहरूको कुनै थोक वा कुनै प्रियजन हामीबाट छिनालेर लग्यो भने हामी सबैजनाले भावात्मकरूपमा कष्ट पाउँदछौं।

जब कोही मर्दछ भने जिउँदाले दुःख वा पीडा भोग्नु सबैको निम्ति एउटै अनुभव हुँदैन। बेदनाको प्रकिया फरक मानिसको फरकै हुन्छ, तर प्रायजसो मानिसहरू शोकमा पर्दा तिनीहरू विभिन्न चरणहरूमा जाँदछन्। कोही प्रियजन मऱ्यो भने उसको निम्ति पहिलो चरण भनेको उसले पाउने धक्का

हो। मरेको मानिस मरेको छैन भनेर बिछोडमा परेको व्यक्ति हृदयविदारक कोलाहलमा पर्नु हो। लामो समयदेखि रोगको पीडामा परिरहेको प्रियजन मर्नेछ भनेर अनुमान गरेतापनि यदि त्यो व्यक्ति मऱ्यो भने छोडिएका प्रियजनले अपत्यार भएको अनुभव गर्दछन्। जीवनको बिभिन्न पाइलाहरूमा साथ दिइरहेको कोही प्रियजनलाई अचानक गुमाउनुपर्दा उसको निम्ति सारा संसार नै डुवेको जस्तो हुन्छ र आफूपनि त्योसँगै मर्न पाएहुन्थ्यो भनेर चाहना गरिरहेका हुन्छन्। यो पीडाको समय प्रायजसो दुई वा तीन महिनासम्म रहिरहन्छ। दैनिक जीवनमा उठ्दा वा बस्दा छोडेर गएका प्रियजनको बारेमा हरदम सोचिरहनुलाई अस्वाभाविक मान्नुहुँदैन। प्रायजसो कुराकानीमा पनि मरेका वा गुमाइएका व्यक्तिको बारेमा चर्चा हुन्छ। यो प्रक्रिया छ महिनादेखि एक वर्षसम्म रहनसक्छ।

कोही मर्दा लामो समयसम्म बिचलित हुनु र उदास भइरहनु प्रायजसो अत्यन्तै ठूलो पीडाको समय मानिन्छ। बिछोडमा परेको व्यक्तिको दिमागमा आफ्नो प्रियजनको बारेमा अनेकौं कुराहरू खेलिरहन्छ। अनि विस्तारै बिछोडको वास्तविकतालाई स्वीकार्न थाल्दछ। यस अवस्थामा छोडिएको व्यक्तिले अनेकौं भावानात्मक चरणहरूको अनुभव गरिरहनसक्छ। तिनीहरूमा, रिस, अपराधी वा दोषीमनस्थिति, पश्चाताप, दिग्दारी र चिन्ता आदि। शोकको समय स्वभाविक भएकोले त्यो समय पीडा वा गुम्नुपरेको व्यक्तिको स्मरणहरूलाई हटाउने समय होइन। अनि समय बित्दै जाँदा जब मृत्यु वा बिछोड वा गुमाई भनेको स्वभाविक रहेछ भनेर स्वीकार्दछन् तब बिछोडमा परेको व्यक्तिको चोट निको हुँदै जान्छ, दैनिक जीवनमा आफ्नो क्रियाकलाप सुचारुरूपमा चलाउन चासो देखाउन थाल्दछ।

**कुनै कुरा गुमाउनुपर्दा वा कोही प्रियजन तपाईंको हातबाट चुडेर लग्दा तपाईंले शोक मनाउनु स्वभाविकै भएतापनि देहायका पदहरूले तपाईंलाई कस्तो सान्त्वना मिल्दछ कोही प्रियजनको मृत्यु तपाईंको संसारको अन्त होइन भनेर आफूले आफैलाई सान्त्वना दिलाउन सकिन्छ? हेर्नुहोस्: रोमी ८:३१-३९ "३१ हामीले यसमा के भन्ने त? यदि परमेश्वर हामीतर्फ हुनुहुन्छ भने, हाम्रो विरुद्ध को हुन्छ? ३२ जसले आफ्नै निज पुत्रलाई बाँकी राख्नुभएन, तर हामी सबैका निम्ति उहाँलाई दिनुभयो, के उहाँले हामीलाई सबै थोक पनि उहाँकै साथमा दिनुहुनेछैन र? ३३ परमेश्वरका चुनिएकाहरूका विरुद्धमा कसले अभियोग लाउनेछ? धर्मी ठहराउने परमेश्वर नै हुनुहुन्छ भने, ३४ दण्डको आज्ञा दिने को हो? मर्ने त ख्रीष्ट येशू, हुनुहुन्छ, जो मरेकाहरूबाट जीवित पारिनुभयो, र परमेश्वरको दाहिने बाहुलीतर्फ हुनुहुन्छ, र हाम्रा निम्ति मध्यस्थ पनि गर्नुहुन्छ।**

३५ कसले हामीलाई ख्रीष्टको प्रेमबाट अलग गर्ने? के सङ्कष्टले, अथवा दुःखले, वा खेदोले, वा अनिकालले, वा नग्नताले, अथवा खतराले वा तरवारले? ३६ यस्तो लेखिएको छ, 'तपाईंको खातिर हामी दिनभरि मारिन्छौं, काटिने भेड़ाहरूजस्तै हामीहरू गनिएका छौं।' ३७ होइन, यी सबै कुरामा हामीलाई प्रेम गर्नुहुनेद्वारा हामी विजेताहरूभन्दा पनि अझ बढ़ी छौं। ३८ किनकि म यो पक्का गरी जान्दछु, कि मृत्युले वा जीवनले, स्वर्गदूतहरूले वा प्रधानताहरूले, वर्तमानका कुराहरूले वा पछि हुने कुराहरूले, वा शक्तिहरूले, ३९ उचाइले वा गहिराइले, वा सारा सृष्टिमा भएका कुनै पनि कुराले, ख्रीष्ट येशू हाम्रा प्रभुमा भएका परमेश्वरको प्रेमबाट हामीलाई अलग गर्न सक्नेछैन।", प्रकाश २१:१-८ "१ तब मैले नयाँ आकाश र नयाँ पृथ्वी देखें, किनकि पहिलो आकाश र पहिलो पृथ्वी बितिगएका थिए। समुद्र त अब छँदैथिएन। २ अनि मैले परमेश्वरबाट दुलहाको निम्ति दुलही जस्तै गरी सिङ्गारिएर तयार पारिराखेकी, अर्थात् पवित्र सहर, नयाँ यरूशलेम स्वर्गबाट तलतिर झरिरहेको देखें। ३ सिंहासनबाट यसो भन्ने एउटा चर्को सोर मैले सुनें, 'हेर, परमेश्वरको वास मानिसहरूसँग भएको छ। उहाँ तिनीहरूसँग वास गर्नुहुनेछ, र तिनीहरू उहाँका प्रजा हुनेछन्, र परमेश्वर आफै तिनीहरूका परमेश्वर भएर तिनीहरूसँग रहनुहुनेछ। *४ उहाँले तिनीहरूका आँखाको आँसु पूर्ण रूपले पुछिदिनुहुनेछ, र फेरि मृत्यु नै हुनेछैन, र शोक र पीडा पनि हुनेछैन। किनकि पहिलेका कुराहरू बितिसकेका छन्*। ५ सिंहासनमा विराजमान हुनुहुनेले मलाई भन्नुभयो, 'हेर, म सबै कुरा नयाँ तुल्याउँछु।' उहाँले यसो पनि भन्नुभयो, 'यो लेख, यी कुराहरू भरपर्दा र सत्य छन्।' ६ उहाँले मलाई भन्नुभयो, 'अब सिद्धियो। म अल्फा र ओमेगा हुँ, आदि र अन्त्य म नै हुँ। तिर्खाउनेहरूलाई जीवनका पानीको फुहाराबाट म सित्तैंमा दिनेछु। ७ जसले विजय प्राप्त गर्छ त्यसले यो उत्तराधिकार पाउनेछ, र म त्यसका परमेश्वर हुनेछु, र त्योचाहिँ मेरो छोरो हुनेछ।" र १ कोरन्थी १५:४२-५८ "४२ मृतकहरूको पुनरुत्थान पनि त्यस्तै हो। जुन शरीर विनाशमा गाडिन्छ, त्यो अविनाशमा जीवित हुन्छ। ४३ अनादरमा त्यो गाडिन्छ, महिमामा त्यो जीवित हुन्छ। दुर्बलतामा त्यो गाडिन्छ, शक्तिमा त्यो जीवित हुन्छ। ४४ प्राकृतिक शरीरमा त्यो गाडिन्छ, आत्मिक शरीरमा त्यो जीवित हुन्छ।

प्राकृतिक शरीर छ भने आत्मिक शरीर पनि अवश्य हुन्छ। ४५ यसकारण यस्तो लेखिएको छ, 'पहिलो मानिस आदम जीवित प्राणी भयो।' अन्तिम आदम जीवन दिने आत्मा भयो। ४६ पहिलोचाहिँ आत्मिक होइन, तर प्राकृतिक हो, र त्यसपछि चाहिँ आत्मिक हो। ४७ पहिलो मानिस माटोले

बनिएको, पृथ्वीबाट हो। दोस्रो मानिस स्वर्गको हो। ४८ माटोले बनिएको
मानिसजस्तो थियो, माटोले बनिएकाहरू पनि त्यस्तै हुन्छन्, र स्वर्गीय मानिस
जस्तो छ, स्वर्गकाहरू पनि त्यस्तै हुन्छन्। ४९ जसरी हामीले माटोका
मानिसको रूप धारण गरेका छौं, त्यसरी नै स्वर्गका मानिसको रूप धारण
गर्नेछौं। ५० अब भाइ हो, म तिमीहरूलाई यो भन्दछु, मासु र रगत स्वर्गका
राज्यको हकदार हुन सक्दैन, न त विनाश अविनाशको हकदार हुन सक्छ।
५१ हेर, म तिमीहरूलाई एउटा रहस्य भन्दछु, हामी सबै सुत्दैनौं, तर हामी
सबैको परिवर्तन हुनेछ, ५२ एकै क्षणमा, आँखाको एक निमेषमा, तुरहीको
आखिरी आवाजमा। किनभने, तुरही बज्नेछ, र मृतकहरू अविनाशी भएर
जीवित हुनेछन्। अनि हाम्रोचाहिँ परिवर्तन हुनेछ। ५३ किनकि यस विनाशी
स्वभावले अविनाशी, र यस मरणशील शरीरले अमरत्व धारण गर्नुपर्छ। ५४
जब विनाशीले अविनाशी र मरणशीलले अमरत्व धारण गर्छ, तब लेखिएको त्यो
वचन पूरा हुनेछ, 'मृत्यु विजयमा निलिएको छ।' ५५ 'ए मृत्यु, तेरो विजय
कहाँ? ए मृत्यु, तेरो खील कहाँ? ५६ मृत्युको खील पाप हो, र पापको शक्ति
व्यवस्था हो। ५७ तर परमेश्वरलाई धन्यवाद होस्, जसले हामीलाई हाम्रा प्रभु
येशू ख्रीष्टद्वारा विजय दिनुहुन्छ। ५८ यसकारण मेरा प्रिय भाइ हो, स्थिर र
अटल रहो। प्रभुको काममा सधैं बढ्दैजाओ। किनकि तिमीहरू जान्दछौ, कि
प्रभुमा तिमीहरूको परिश्रम व्यर्थ हुँदैन।"

## उपसंहारः

<u>थप जानकारीः</u> धेरै मानिसहरूले नराम्रो नशा वा कुलतमा फस्दा महाकष्ट भोग्दछन्। पैसा, काम र असल स्वास्थ्यलाई लत्याएर तिनीहरू तिनीहरूका क्षणिक चाहनाहरूको नोकर वा दास बन्न पुगेका हुन्छन्। असल नागरिक, असल बाबुआमा वा छोराछोरी हुने र गौरबकासाथ टाउको उठाएर हिंड्ने स्वतन्त्रता हानिकारक शारीरिक अभिलाषाले गर्दा गुमाइरहेका हुन्छन्। तर हाम्रो पापबाट र बिषालु तथा हानिकारक नशाहरूबाट स्वतन्त्रता प्रदान गर्न येशू आउनुभएको थियो। उहाँले यो जिकिर गर्नुभयो, "यदि पुत्रले तिमीलाई स्वतन्त्रता दिन्छन् भने तिमीहरू पक्कै स्वतन्त्र हुनेछौ।" (यूहन्ना ८:३६ रूपान्तरित)। हाम्रो साथमा उहाँ निरन्तररूपमा हुनुहुनेछ भनेर येशूले बाचा गर्नुभएको छ, मत्ती २८:२० "म तिमीहरूसँग सधैं रहनेछु।" र परमेश्वरले अगमवक्ता यशैयामार्फत यो वचन दिनुभएको छ "१ तर अब हे याकूब, तिमीलाई रच्नुहुने, हे इस्राएल, तिमीलाई सृष्टि गर्नुहुने परमप्रभु भन्नुहुन्छः 'नडराऊ, किनकि मैले तिमीलाई मोल तिरेर छुटाएको छु। मैले तिमीलाई

तिम्रो नाउँ काढ़ेर बोलाएको छु, तिमी मेरै हो। २ तिमी पानीबाट भएर जाँदा म तिम्रो साथमा हुनेछु। तिमी नदीहरूबाट भएर जाँदा तिनले तिमीलाई डुबाउनेछैनन्। तिमी आगोबाट हिँड़ेर जाँदा डढ्नेछैनौ। त्यसको ज्वालाले तिमीलाई भस्म पार्नेछैन। ३ किनभने म परमप्रभु, तिम्रा परमेश्वर हुँ, इस्राएलका परमपवित्र, तिम्रा उद्धारक। तिमीलाई छुटाउनका निम्ति मिश्रदेश, र तिम्रो सट्टामा कूश र सेबा म दिन्छु। ४ तिमी मेरो दृष्टिमा बहुमूल्य र आदरणीय भएकाले, र मैले तिमीलाई प्रेम गरेको कारणले म मानिसहरूलाई तिम्रो सट्टामा, र जाति-जातिहरूलाई तिम्रो जीवनको सट्टामा दिनेछु। ५ नडराऊ, किनकि म तिमीसित छु। म तिम्रा छोराछोरीहरूलाई पूर्वदेखि ल्याउनेछु, र पश्चिमदेखि तिमीहरूलाई भेला गर्नेछु। ६ म उत्तर दिशालाई भन्नेछु, 'तिनीहरूलाई दिइहाल्'। र दक्षिण दिशालाई भन्नेछु, 'तिनीहरूलाई नथुन्'। मेरा छोराहरूलाई टाढ़ादेखि र मेरा छोरीहरूलाई पृथ्वीको पल्लो छेउदेखि ल्याओ, ७ हरेक जो मेरो नाउँद्वारा बोलाइएको छ, जसलाई मैले मेरो महिमाको निम्ति सृष्टि गरेको छु, जसको आकार मैले नै रचें र बनाएँ।'" (यशैया ४३:१-७)। (याद गर्नुहोस्, जब परमेश्वरले "हरेक" भन्नुभयो तब येशूले उच्चारण गर्नुहुने यूहन्ना ३:१६को प्रतिध्वनि थियो। यहाँ परमेश्वरले उच्चारण गर्नुभएको आशिष केवल यहूदी जातिलाई मात्र दिइएको होइन भन्ने प्रत्यक्ष प्रमाण प्रस्तुत गरिएको छ। त्यसको अर्थ कुलत, पाप आदिसँग संघर्ष गर्नुपर्दा हामी एक्लैले गर्नुपर्दैन। अझ भन्नुपर्दा, हामी यसमा यकिन हुनुपर्दछ कि संसारमा शैतान र उसका मतियारहरूसँगको युद्ध हामीहरूको नभएर परमेश्वरको हो (१ शमूएल १७:४७) र उहाँले हामीहरू बिजयी हुने कुराको प्रतिज्ञा गर्नुभएको छ (१ पत्रुस १:३-९ "३ परमेश्वर र हाम्रा प्रभु येशू ख्रीष्टका पिता धन्यका हुनुहुन्छ! उहाँको महान् कृपाले मृतकबाट येशू ख्रीष्टको पुनरुत्थानद्वारा एउटा जीवित आशाको निम्ति हामी नयाँ गरी जन्मेका छौं। ४ स्वर्गमा तिमीहरूका निम्ति साँचिराखेको उत्तराधिकार अविनाशी, विशुद्ध र नओइलने किसिमका छन्। ५ आखिर समयमा प्रकट हुन आँटेका मुक्तिको निम्ति तिमीहरू विश्वासद्वारा परमेश्वरको शक्तिबाट सुरक्षित राखिएका छौ। ६ तिमीहरू यसैमा रमाउँछौ, यद्यपि अहिले थोरै समयको निम्ति तिमीहरूले विभिन्न किसिमका कष्ट भोग्नुपर्दछ। ७ आगोबाट खारिने तर नष्ट भएर जाने सुनभन्दा पनि तिमीहरूको विश्वास मूल्यवान् छ। तिमीहरूको यो विश्वास साँचो प्रमाणित होस्, र येशू ख्रीष्ट प्रकट हुनुहुँदा प्रशंसा, महिमा र आदरको योग्य बनोस्। ८ तिमीहरूले नदेखे तापनि उहाँलाई प्रेम गर्छौ। उहाँलाई तिमीहरू अहिले देख्दैनौ, तापनि

उहाँमाथि विश्वास गर्छौं र अवर्णनीय र गौरवमय आनन्दमा रमाउँछौ। ९ तिमीहरूका विश्वासको प्रतिफलस्वरूप तिमीहरूले आफ्ना आत्माको मुक्ति पाउँछौ)।

आज नै तपाईं कुनै पनि हानिकारक बानी वा नशाबाट स्वतन्त्र हुन सक्नुहुन्छ र तपाईंले चाहनुभएको सही स्वतन्त्रता परमेश्वरले तपाईंलाई दिन सक्नुहुन्छ, जो परमेश्वरको पनि चाहना हो। त्यसको अर्थ तपाईंले संघर्ष गर्नु पर्दैन भनेको होइन र बेलाबेलामा तपाईं असफल हुनुहुन्न वा लड्नुहुन्न भनेको पनि होइन। तर एकदम असल खबर त यो हो कि जबसम्म तपाईं आफ्नो संघर्षलाई त्याग्नुहुन्न र निरन्तर प्रयास गरिरहनुहुन्छ तबसम्म परमेश्वरले पनि तपाईंलाई त्याग्नुहुन्न। फेरि त्यसैबखत कुनै विज्ञ वा जान्ने मानिसको सहायता माग्नु वा सुधार गृहमा बस्नु पनि गलत होइन। जसरी तपाईंको स्वास्थ्य समस्यालाई उपचार गर्न प्रभुले चिकित्सक तथा स्वास्थ्यकर्मीहरूलाई प्रयोग गर्नुहुन्छ त्यसरी नै तपाईंको मानसिक र हानिकारक नशाबाट तपाईंलाई छुट्कारा दिलाउनु उहाँले स्वास्थ्यकर्मीहरूलाई प्रयोग गर्नुहुन्छ।

"जब हामी कठिन परिस्थितिमा पर्दछौं, दुःखकष्ट र परीक्षाहरू आउँछन् तब हामी परमेश्वरतिर भाग्न सक्छौं। हामीलाई उद्धार गर्न र सबै कष्टबाट छुटकारा दिन उहाँ अत्यन्तै सक्षम हुनु भएकोले उहाँबाट हामीले सहायताको अपेक्षा गर्नसक्छौं। यदि हामी परमेश्वरबाट आशिष चाहन्छौं भने उहाँसँग आशिषको निम्ति बिन्ति गर्नुपर्छ। प्रार्थना गर्नु हाम्रो कर्तव्य हो र यो आवश्यक पनि हो, तर उहाँको स्तुति र प्रशंसा गर्न किन वेवास्ता गर्ने? सबै आशिषहरू दिनुहुने परमेश्वरलाई हामीले हरेकपल धन्यवाद दिइरहनुपर्दैन र? परमेश्वरप्रति धन्यवादी वा कृतज्ञ हुने बानी हामीले बसाल्नुपर्दछ। परमेश्वरको अनुग्रह, दया, माया र करुणाहरूको बारेमा बारम्बार चर्चा र ध्यान गरिरहनुपर्छ। उहाँको पवित्र नाउँलाई उच्च स्वरले महिमा गरिरहनुपर्दछ। हामी दुःख, कष्ट र शोकको भुमरीमा परिरहेतापनि हामीले उहाँलाई कहिल्यैपनि बिर्सनुहुन्न।"-एलेन जी ह्वाइट, *सेलेक्टेड मेसेजेज्,* बुक २, पृ. २६८बाट रूपान्तरित।

**चिन्तनमनन:**

अ) **यदि कसैमाथिको विश्वासको गुम्यो वा कसैसँग सम्बन्ध टुट्यो भने त्यसलाई मत्थर गर्न क्षमाशील हुनुले कस्तो भूमिका खेल्दछ? हेर्नुहोस्, मत्ती ६:१२-१५ "१२ हाम्रा अपराध क्षमा गर्नुहोस्, जसरी हामीले आफ्ना अपराधीहरूलाई**

क्षमा गरेका छौं। १३ हामीलाई परीक्षामा पर्न नदिनुहोस्, तर दुष्टबाट छुटाउनुहोस् किनभने राज्य, पराक्रम र महिमा सदासर्वदा तपाईंकै हुन्, आमेन।' १४ किनकि तिमीहरूले मानिसहरूका अपराध क्षमा गऱ्यौ भने तिमीहरूका स्वर्गमा हुनुहुने पिताले पनि तिमीहरूलाई क्षमा गर्नुहुनेछ। १५ तर तिमीहरूले मानिसहरूका अपराध क्षमा गरेनौ भने तिमीहरूका पिताले तिमीहरूका अपराध क्षमा गर्नुहुनेछैन।" र मत्ती १८:२१,२२ "२१ तब उहाँकहाँ आएर पत्रुसले भने, 'प्रभु, मेरो भाइले कति पल्ट मेरो विरुद्धमा अपराध गरे मैले त्यसलाई क्षमा गर्ने? के सात पल्टसम्म? २२ येशूले तिनलाई भन्नुभयो, 'म तिमीलाई भन्दछु, सात पल्ट होइन, तर सत्तरी गुणा सात पल्ट।'"। "अरू मानिसहरूको गल्तीलाई प्रेमले हिसाबकिताब राख्दैन" भनेर पावलले व्यक्त गर्दछन् (१ कोरन्थी १३:५ रुपान्तरित)।

आ) हामी दुःखकष्ट र शोकमा परिरहँदा पनि परमेश्वरका करुणा, अनुग्रह र प्रेमको बारेमा सम्झिरहनु र सोचिरहनु किन फाइदा छ?

इ) आफ्ना प्रियजन वा अरू कुनै पनि थोक गुमाउनुपर्दा शोकमा परेर संघर्ष गरिरहेकाहरूलाई तपाईं र तपाईंको सम्पूर्ण चर्चको परिवारले सहयोग गर्न के उपायहरू छन् जो व्यवहारिक पनि छन्।

# कथा ९

# नयाँ वर्षको चाहना

## बिएट्रिज ड जिसस सान्टना, २३,ब्राजिल

दक्षिण अमेरिकाको ब्राजिल देशमा इटापारिका नाउँ गरेको एउटा टापु छ। त्यसको वरिपरि रमणीय बालुवाको किनारहरू छन्। त्यहाँ नयाँ वर्षमा धेरै युवायुवतीहरू भेला हुन्छन्। एउटा नयाँ वर्षको बेलुकीपख तिनीहरू ग्लासमा रक्सी पिएर परमेश्वरसँग नयाँ इच्छा तथा चाहनाहरूको कामना गर्दै थिए।

"प्रभु, मलाई वर्षभरी आशिषहरूले भरिदिनुहोस् एक जनाले भन्यो।"प्रभु मलाई धनी बनाउनुहोस्" अर्कोले चाहना व्यक्त गऱ्यो।"म माया गर्ने केटी चाहन्छु" अर्कोले मुस्कुराउँदै भन्यो।

बियाट्रिज द जिसस सान्टानाले आराटुबा किनारामा त्यस्तै खालका इच्छाहरू आफ्ना साथीहरूले व्यक्त गरेको सुनिरहेकी थिइन्। उनी आफ्नो साल्भाडोर घरबाट एक घन्टा लगाएर डुङ्गामा जाने त्यस लोकप्रिय सामुद्रिक किनारामा नयाँ वर्ष मनाउन गएकी थिइन्। त्यस सालभाडोर सहरमा तीस लाख जनसंख्या छन्। जाँड रक्सी र रमझम गरेर आफ्नो जीवन कसरी सुधारिरहेका होलान् भनेर अचम्म मानेर सोचिन्। अनि उनी भन्छिन्: "परमेश्वरसँग केही माग्दिनँ। गत वर्षमा परमेश्वरले मलाई के गर्नुभयो त्यो सबैको निम्ति म धन्यवाद दिन चाहन्छु। मैले विश्वविद्यालयमा पढ्न छात्रबृत्ति पाएँ र एउटा इन्जिनियरिङ्ग कम्पनीमा मेरो पढाइको ज्ञानलाई व्यवहारमा उतार्ने तालिम गर्न अवसर पनि पाएको छु। त्यसकारण गत वर्ष मलाई परमेश्वरले धेरै आशिष दिनुभएको छ। त्यसप्रति परमेश्वरमा आभार व्यक्त गर्न चाहन्छु।" उनले नहिचिकिच्याइ भनिन्।

सोमबार काम गर्न जाँदा बियाट्रिजलाई सञ्चो भएन। शनिबार र आइतबारमा नयाँ वर्षको बिदा मनाउँदा उनी थाकेकी थिइन्।

उनको हाकिम आना क्रिस्टिनाले सहानुभूति देखाएर बियाट्रिजको नजिकै बसिन् र आफ्नो मोबाइल निकालिन्। त्यसमा उनीसँग रहेको तिन मिनेटको भिडियो खेलिन्।

त्यस भिडियोमा एक जना पास्टरले येशूको बारेमा बोलेका थिए। बियाट्रिजले त्यसलाई चासो मानेर हेरिन्। उक्त पास्टर उनका साथीहरू जस्तो गरेर बोलेको थिएन।

अर्को दिन बिहान बियाट्रिजको हाकिम आना क्रिस्टिनाले अर्को तिन मिनेटको भिडियो ह्वाटस्अपबाट पठाएकी उनले पाइन्। अर्को दिन फेरि अर्को छोटो भिडियो बियाट्रिजको मोबाइलमा आएको थियो। बियाट्रिजले प्रत्येक भिडियो हेरिन्। पास्टरको शान्त बोलीप्रति उनले अचम्म मानेकी थिइन्। उनी जड्याँहा बाबुसँग बस्दथिन्। उनकी आमाले पारपाचुके गरेर बाबुलाई छोडेकी थिइन्। बाबु छोरीको बारम्बार कचकच हुन्थ्यो। घरमा कचकच हुन थालेकोले नै बियाट्रिजले पनि रमझम पार्टी र जाँडरक्सी खान थालेकी थिइन्।

केही दिनपछि बियाट्रिजले इन्टरनेटबाट पास्टरको नाउँ हेरेर उनले प्रवचनमा दिएका विषयबस्तुहरूको बारेमा अझ जानकारी लिन थालिन्। त्यो पास्टर इभान सारेभाले नोभा टेम्पो टेलिभिजनमा संचालन हुने पोर्टुगिज भाषामा “इट इज रिटन“ कार्यक्रम आयोजना गर्दथे। त्यो टेलिभिजन ब्राजिलसँग सम्बधित सेभेन्थ-डे एडभेन्टिस्ट चर्चको होप च्यानलको थियो।

बियाट्रिजले टेलिभिजन कार्यक्रम “इट इज रिटन“लाई हेर्न थालिन्। त्यो टेलिभिजन कार्यक्रम हेरेर पास्टरले भनेको वचन ठिक हो कि होइन भनेर बाइबलसँग तुलना पनि गर्न थालेकी थिइन्। जब उनले दश आज्ञाहरू र सेभेन्थ-डे साबथको बारेमा सुनिन् तब उनले अत्यन्तै अचम्म मानिन्। साबथको बारेमा उनले कहिल्यै पनि सुनेकी थिइनन्।

तिन हप्तासम्म टेलिभिजन कार्यक्रमकोसाथै बाइबल अध्ययन गर्न थालेपछि उनले आफ्नो बिगतको जीवनको निम्ति परमेश्वरसँग क्षमा मागिन्। उनले आफ्नो हृदय परमेश्वरको निम्ति खुला गरिन् र पहिलोपल्ट परमेश्वरले उनको प्रार्थना सुनिरहको उनले महसुस गरिन्।

बियाट्रिज चर्च जान खोजिन्। एक जना साथीले आइतबारको दिन चर्चमा आउन निम्तो दिइन्। तर जब उनी त्यस चर्चमा गइन् तब बाइबलले भनेको सातौं दिनको साबथलाई त्यस चर्चले किन पालन गरेन भनेर उनले सोचकी थिइन्।

बियाट्रिजकी हाकिम आना क्रिस्टिनाले उनको सम्बन्ध परमेश्वरसँग नयाँ भएको महसुस गरिन्। उनले बियाट्रिजलाई घरेलु चर्चमा येशूको बारेमा अरूहरूसँग अध्ययन गर्न निम्तो दिइन्। त्यहाँ धेरै मानिसहरू विभिन्न

कोठाहरूमा समूह समूह गरेर साबथ र अरू दिनहरूमा बाइबल अध्ययन गर्दथे।

**बियाट्रिज तुरन्तै त्यस घरेलु चर्चको मोहमा फसिन्।**

"मलाई सबैले अङ्गालो मारे र मलाई त्यो ठाउँ घर जस्तै लाग्यो। मेरो मनमा शान्ति आएको महसुस गरें" अन्तरवार्ताकोक्रममा बियाट्रिजले भनिन्।ती मानिसहरूको स्नेह देखेर उनी छक्क परिन्। "यिनीहरू मलाई किन यसरी धेरै माया गर्छन्? तिनीहरूले मलाई चिनेका छैनन्। तर तिनीहरूले 'तिम्रो दिन राम्रो होस्' भनेर पनि अभिवादन गर्छन्। ममा भएको बाइबलको ज्ञानको बारेमा तिनीहरू सुन्न चाहन्छन् र म कसरी पढिरहेको छु सोप्रति पनि तिनीहरू चासो देखाउँछन्। म को हुँ भनेर थाहा पाउनुभन्दा अघि नै तिनीहरूले माया देखाउँछन्" अचम्म मान्दै उनले भनिन्।

चर्चको दुई युवायुवती आमान्दा र भिटोरले बियाट्रिजलाई हरेक साबथ बाइबल अध्ययन दिए। अन्तमा आएर बियाट्रिजले आफ्नो हृदय येशूलाई समर्पित गरिन् र चर्चको बाहिर रहेको पौडी खेल्ने पोखरीमा बप्तिस्मा लिइन्। त्यो देखेर बियाट्रिजकी हाकिम आना क्रिस्टिना खुशीले रोइन्।

आज बियाट्रिजले उनका बाबु, आमा र दाजुले येशूलाई ग्रहण गरोस् भनेर प्रार्थना गरिरहेकी छिन्। उनको दाजुले "इटइज रिटन"सँग बाइबल अध्ययन गर्न सुरु गरिसकेको छ। "आश्चर्यकामहरूमा म विश्वास गर्दिनथैं। आजको जमानामा आश्चर्य वा अलौकिक कामहरू असम्भव भन्ठान्थैं। तर परमेश्वरले नै मेरो जीवनमा सही आश्चर्यको काम गर्नुभएको छ। पार्टी, रमझम, जाँड रक्सी आदि खाँदा भित्री मनमा रित्तोपना अनुभव गरेको थिएँ। त्यही रित्तोपनालाई येशूले आफ्नो प्रेम दिनुभएर भर्नुभयो।

उनले विवाह गर्ने युवासँग गत वर्षको नयाँ वर्षको साँझ मनाए। तिनीहरूले अङ्गुरको जुस पिएर रमाइलो गरे र परमेश्वरको आशिषको निम्ति उहाँलाई धन्यवाद चढाए।"म परमेश्वरसँ नजिक हुन चाहन्छु। म परमेश्वरलाई कहिल्यै पनि अन्त नहुने प्रेमले प्रेम गर्न चान्छु" बियाट्रिजले भनिन्। यस त्रैमासिकको भेटीले बहालमा लिएको घरेलु चर्चबाट ठूलो भवनमा सर्न सहयोग मिल्नेछ जसमा स्वस्थ परिकारको खाना र स्वास्थ्य सम्बन्धी कार्यक्रमहरू गर्न सहयोग मिल्नेछ।तपाईंको भेटीको निम्ति धन्यवाद।

लेखकः ***आन्द्र्यु मेकचेस्नी***